नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/८०

१० औं

## वार्षिक साधारण सभा

**२०८० पौष २७ गते, शुक्रबार**

**स्थान:**
होटेल उग्रचण्डी, बनेपा-७,
काभ्रेपलाञ्चोक ।

**समय :**
विहान ११:०० बजे


## सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

बनेपा -१४, साँगा, काभ्रेपलाञ्चोक
फोन नं. ०११-६६२२५१/०११-६६०४५२
इमेल: info@slbsl.com.np
वेवसाईट: www.slbsl.com.np

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

## सञ्चालक समितिका पदाधिकारीहरु



**श्री नन्द कुमार महर्जन**
अध्यक्ष



**श्री हिरालाल विश्वकर्मा**
सञ्चालक



**श्री राजेश्वर अधिकारी**
सञ्चालक



**श्री भुपेन्द्र गोपाल श्रेष्ठ**
सञ्चालक



**श्री नविन शर्मा**
सञ्चालक
(सर्वसाधारण तर्फ)



**श्री निर्मला नेपाल**
सञ्चालक
(सर्वसाधारण तर्फ)

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड प्रोक्सी फारम (प्रतिनिधि पत्र)

**श्री सञ्चालक समिति**

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, बनेपा १४ साँगा, काभ्रेपलाञ्चोक

**बिषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

.........................जिल्ला .............................. न.पा./गा.पा. वडा नं. ........ बस्न म/हामी ............................................................ ले त्यस कम्पनीको शेयरधनीका हैसियतले २०८० साल पौष २७ गते शुक्रबारका दिन हुने दशौं वार्षिक साधारण सभामा स्वय उपस्थित भइ छलफल तथा निर्णय प्रक्रियामा सहभागी हुन नसक्न भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .....................जिल्ला .......................न.पा./ गा. पा. वडा नं. ........ बस्न त्यस कम्पनीका शेयरधनी श्री ..................................... शेयर प्रमाणपत्र नं./हितग्राही परिचय नं. ..................................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएका छु/छौं ।

| | |
|---|---|
| प्रतिनिधि नियुक्त भएका व्यक्तिका | निवेदक |
| हस्ताक्षरका नमूना : | दस्तखत : |
| नाम : | नाम : |
| शेयरधनी नं. : | ठेगाना : |
| हितग्राही खाता नं. : | शेयरधनी नं. : |
| | हितग्राही खाता नं. : |
| | शेयर संख्या : |
| | मिति : |

द्रष्टव्यः या निवेदन साधारण सभा हुन भन्दा ४८ घण्टा अगाव कम्पनीका रजिष्टड कार्यालयमा पेश गरिसक्न पर्नेछ ।
एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) का नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्ध गरिनेछ ।

.......................................................................................................................................

**सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रीय**
**कार्यालय, बनेपा १४ साँगा, काभपलाञ्चोकको**
**दशौं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएका**
**प्रवेश-पत्र**

१. शेयरधनीको नाम :
२. ठेगाना :
३. शेयरधनी नं./हितग्राही खाता नं.
४. लिएको शेयर संख्या :
५. शेयरधनीको दस्तखत : ........................ ..................

कम्पनीको छाप — कम्पनी सचिव

द्रष्टब्यः

सभामा भाग लिन आउदा यस प्रवेश पत्रमा भाग लिन आउने शेयरधनीको नाम, दस्तखत, शेयरका प्रमाणपत्र नं., साधारण शेयर संख्या तथा हितग्राही परिचय नं. अनिवाय रुपमा उल्लेख गरी लिइ आउनु पर्नेछ ।

# विषय-सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | दशौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे सूचना | V |
| २. | सञ्चालक समितिका अध्यक्षको मन्तव्य | १ |
| ३. | सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन | ४ |
| ४. | अन्य बार्षिक आर्थिक विवरण | १४ |
| ५. | कम्पनी ऐन, २०६३ को दफा–१०९ उपदफा–४ अनुसारको अतिरिक्त विवरण | २१ |
| ६. | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ (नियम २६ को उपनियम (२) सँग सम्बन्धित) | २८ |
| ७. | संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन | ३० |
| ८. | आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन | ३९ |
| | (क) संस्थाको वासलात | ४२ |
| | (ख) संस्थाको नाफा–नोक्सान हिसाब | ४३ |
| | (ग) संस्थाको नाफा–नोक्सान बाँडफाँड हिसाब | ४४ |
| | (घ) संस्थाको इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | ४५ |
| | (ङ) संस्थाको नगद प्रवाह विवरण | ४६ |
| ९. | लेखासम्बन्धि अनुसूचीहरू | ४७ |
| १०. | प्रमुख लेखा नीतिहरू | ६३ |
| ११. | लेखासम्बन्धी टिप्पणीहरू | ६६ |
| १२. | नेपाल राष्ट्र बैंकको निर्देशन सहित सहमती पत्र | ७५ |
| १३. | नेपाल राष्ट्र बैंकको निर्देशन सम्बन्धमा व्यवस्थापनको जवाफ | ७६ |

# सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड
## Samudayik Laghubitta Bittiya Sanstha Limited
**केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोकको**

## दशौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०६ गते शुक्रबार)**

यस वित्तीय संस्थाको मिति २०८०/०९/०५ गते बसेको सञ्चालक समितिको २३२ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा हुने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मितिः** २०८०/०९/२७ गते शुक्रवार (तदनुसार, १२ जनवरी, २०२४)

**समयः** बिहान ११:०० बजे

**स्थानः** होटेल उग्रचण्डी, बनेपा-०७, काभ्रेपलाञ्चोक ।

**क) सामान्य प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) आर्थिक वर्ष २०७९/८० को लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्त सम्मको वासलात तथा आर्थिक वर्ष २०७९/८० को नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका विवरण तथा अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३) आर्थिक बर्ष २०८०/८१ को लेखा परीक्षण गर्न लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) वित्तीय संस्थाको कार्यक्षेत्र विस्तार गरी राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको वित्तीय संस्था बनाउन प्रस्ताव पारित गर्ने ।

२) वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली संशोधन सम्बन्धी कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

**सभा सम्बन्धी अन्य कुराहरु**

१) यस वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१९ गते यस संस्थाको शेयर दाखिला खारेजीको कार्य बन्द रहनेछ । र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१८ गते वा सो भन्दा अघि सम्म कारोवार भई प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल लिमिटेड नयाँबानेश्वर काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखितको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न पाउनेछन् ।

२) साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने परिचयपत्र वा प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आइदिनु हुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाको आधिकारिक पत्र अनिवार्य पेश गर्नु पर्नेछ ।

३) शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिमा कायम शेयरधनी महानुभावहरुको लागि दशौं वार्षिक साधारण सभाको प्रतिवेदनहरु यस वित्तीय संस्थाको वेबसाइट www.slbsl.com.np मा हेर्न सकिने छ । कारणवस उपरोक्त सूचना तथा प्रतिवेदन प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले यसै सूचनालाई आधार मानी आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई सभामा भाग लिन आउन हुन अनुरोध गरिन्छ ।

४) नावालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ति गर्न र मत दिन समेत सक्नेछन् ।

५) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले तोकिएको ढाँचाको फारम भरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय बनेपा १४, साँगा, काभ्रेपलाञ्चोकमा दर्ता गराई सक्नुपर्नेछ । प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरीसकेपछि पनि आफैं साधारणसभामा भाग लिन चाहेमा लिखित सूचना साधारणसभा शुरु हुनुभन्दा अगाडि दर्ता गराई प्रतिनिधिको नियुक्ति बदर गर्न सकिनेछ । तर एक जना शेयरधनीले एक जना भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्ति गरेमा सबै नियुक्ति बदर हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउन हुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

७) सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान १०:०० बजे देखि खुल्ला रहनेछ ।

८) अन्य विस्तृत जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयको फोन नं. ०११-६६२२५१/६६०४५२ मा कार्यालय समयमा सम्पर्क गर्नहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

---

# सामुदायिक लघुवित्त वित्तिय संस्था लिमिटेड

**Samudayik Laghubitta Bittiya Sanstha Limited**

**केन्द्रीय कार्यालय, बनेपा-१४, साँगा, काभ्रेपलाञ्चोक**

## दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशितः २०८०/०९/१८ गते बुधवार)**

यस वित्तीय संस्थाको मिति २०८०/०९/०५ गते बसेको सञ्चालक समितिको २३२ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको दशौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा हुने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मितिः** २०८०/०९/२७ गते शुक्रवार (तदनुसार, १२ जनवरी, २०२४)

**समयः** बिहान ११:०० बजे

**स्थानः** होटल उग्रचण्डी, बनेपा-७, काभ्रेपलाञ्चोक ।

साधारण सभामा पेश हुने प्रस्ताव तथा विस्तृत विवरण सहितको सूचना यही मिति २०८०/०९/०६ गते शुक्रवार प्रकाशित राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्ट तथा यस वित्तीय संस्थाको वेबसाइट www.slbsl.com.np मा प्रकाशित गरिएकोले सो समेत हेर्न हुन सबै शेयरधनी माहनुभावहरुलाई अनुरोध गरिन्छ ।

# सञ्चालक समितिका अध्यक्षको मन्तव्य

**आदरणीय शेयरधनी महानुभावज्यूहरु**

**सञ्चालकज्यूहरु, उच्च व्यवस्थापन तथा सम्पूर्ण कर्मचारी मित्रहरु,**

यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको १० औं वार्षिक साधारण सभामा उपस्थित हुनुभई सभाको गरिमा बढाईदिनु भएकोमा आदरणीय शेयरधनी महानुभावज्यूहरु, नियमनकारी निकायका प्रतिनिधिज्यूहरु, बाह्य लेखा परीक्षकज्यू, पत्रकार महानुभावहरु, कर्मचारीहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई यस वित्तीय संस्थाको सञ्चालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट समेत यस सम्मानित साधारण सभामा हार्दिक स्वागत एवंम् न्यानो अभिवादन व्यक्त गर्दछु ।

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड नेपालको विपन्न बर्गमा वित्तीय पहुँच अभिवृद्धि गर्न क्रियाशिल रही हालसम्म १० जिल्ला कार्यक्षेत्र भएको “घ” वर्गको लघुवित्त वित्तीय संस्था हो । लघुवित्त सेवालाई गरिवी न्यूनीकरणको लागि एउटा महत्वपूर्ण अस्त्रको रुपमा संसारभर स्वीकारिएको परिवेशमा नेपाल महिला उत्थान केन्द्रले २०५८/५९ सालमा नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थता (FINGO) को रुपमा कार्य गर्ने स्वीकृति प्राप्त गरी लघुवित्त वित्तीय सेवाको कार्यलाई २०७१ श्रावण १ गतेबाट आफुले सञ्चालन गरेको ६ जिल्लाका २० वटा शाखाहरु मार्फत गरेको २८ करोड ८४ लाख ४१ हजार ६ सय ९८ रुपैया वराबरको सम्पती तथा दायित्वको कारोवार तथा कर्मचारीहरु समेत कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं ११४०२९/०६९/०७० तथा नेपाल राष्ट्र बैंकबाट बित्तिय संस्थाको रुपमा दर्ता नं ३६/०७०/०७१ भएको सामुदायिक लघुबित्त बित्तिय संस्थालाई बिधिवत रुपमा हस्तान्तरण गरी लघुवित्त सेवाको कारोवार शुरु गरी औपचारिक रुपमा वित्तीय संस्था स्थापना भएको १० औं बर्ष पूरा हुँदासम्म वित्तीय संस्थाले आफ्नो व्यवसायलाई विस्तार गर्दै निरन्तररुपमा दिगो प्रगतितर्फ अघि बढाउनमा शेयरधनी महानुभावहरु, सेवाग्राही सदस्य, नियामक निकाय, सम्पूर्ण शुभेच्छुकहरुको सदाशयता र निरन्तर सहयोग एवं योगदान प्रति हामी आभार प्रकट गर्दछौं ।

आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रतिवेदन तथा लेखा परीक्षण भएको आर्थिक विवरणहरु प्रस्तुत गर्न पाउँदा एकातर्फ हामी हर्षित छौं भने अर्को तर्फ लगानीकर्तालाई प्रतिफल दिन नपाएकोमा दु:खित समेत छौं । सिंहावलोकन बर्षमा संस्थाको कार्य प्रगतिका मुख्य मुख्य बुँदाहरु, व्यावसायिक वातावरण, चुनौती एवं संस्थाको परिदृष्यहरु संलग्न प्रतिवेदन मार्फत म यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु ।

कोभिड-१९ को प्रभावबाट सुस्ताएको विश्व अर्थतन्त्र र अन्तराष्ट्रिय जगतमा भएको द्वन्दका कारण देखिएको आर्थिक मन्दीको प्रभावबाट नेपाली अर्थतन्त्र पनि अछुतो रहन नसकेको यथार्थ रहेको छ । जसका कारण वित्तीय संस्थाहरुबाट लगानी भएका कर्जाहरुको असुली समेत प्रभावित भएको देखिन्छ । वित्तीय क्षेत्रमा तरलताको कारण कर्जा विस्तारमा देखापरेको संकुचन तथा सो को कारण बढ्दो रहेको कोषको लागत चुनौतिको रुपमा अगाडि आएको छ । त्यस माथि बिगत एक बर्ष देखिनै कथित लघुवित्त

विरुद्ध संघर्ष समिति नामको अबैधानिक समूहले राष्ट्रको समग्र वित्तीय प्रणालीमा नै दिर्घकालिन रुपमा असर पार्ने नियतले लघुवित्त वित्तीय संस्थाहरु विरुद्ध नियमित रुपमा बिभिन्न किसिमका अबैधानिक गतिविधिहरु संचालन गरिरहेकोले कर्जा असुलिमा ठुलो समस्या सृजना भएको तथा कर्जाको गुणस्तरमा समेत ठुलो ह्रास आएको अवस्था रहेको छ ।

यी सबै चुनौति तथा समस्याहरुको बाबजुद पनि संस्थाले गरिव तथा विपन्न वर्गमा वित्तीय पहुँच, महिला सशक्तिकरण तथा विपन्न वर्गको आय आर्जनमा बृद्धि गर्न सहयोग पुर्‍याइ नेपाल सरकारको गरिबी निवारणको उद्देश्यमा समेत महत्वपूर्ण भुमिका खेलिरहेको कुरा यहांहरुलाई अवगत नै छ । विशेषतः नेपाल राष्ट्र बैंकको नीतिगत लचकता तथा समय सापेक्ष जारी गरेका निर्देशनहरु लघुवित्त क्षेत्रको संरक्षण, विकास र विस्तारका लागि प्रमुख मार्गदर्शक बनेका छन् ।

आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा १० जिल्ला कार्यक्षेत्र अन्तर्गत नयाँ स्थानिय संरचना अनुसार ९३ स्थानीय तहमा ३७ वटा शाखा मार्फत् गत बर्षको तुलनामा निक्षेपमा यस बर्ष २.९९ प्रतिशतले घटी भई कुल ५५ करोड ९३ लाख संकलन भएको छ । साथै, कर्जा प्रवाह तर्फ २३.७० प्रतिशतले कमी भई १ अर्ब २१ करोड ८५ लाख पुगेको छ । वित्तीय संस्थाको सो अवधीमा खुद मुनाफा (नोक्सान) रु. ४७ लाख ५२ हजार नोक्सान भएको छ । वित्तीय संस्थाले शेयरधनी सदस्यहरुलाई गत बर्ष चुक्ता पुँजीको १५ प्रतिशत लाभांश वितरण गर्न सक्षम भएता पनि यस आर्थिक बर्ष आर्थिक मन्दी, व्यवसायमा आएको संकुचन, बाह्य कर्जाको व्याजदरमा बृद्धि भई कोषको लागत बृद्धि हुनु, लघुवित्त विरुद्ध विभिन्न संघर्ष समितिहरुको कृयाकलापहरुले कर्जा असूलीमा प्रत्यक्ष प्रभाव पर्न गई भारी कर्जा नोक्सानी व्यवस्था राख्नु परेको जस्ता विविध कारणले मुनाफा नकारात्मक हुन गई लाभांश वितरणको प्रस्ताव नगरिएको व्यहोरा यहाँहरु समक्ष जानकारी गराँउदछौं । उपर्युक्त सम्बन्धी संस्थाको विस्तृत आंकाडा सहितको आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन यसै साथ सलंग्न गरिएको समेत जानकारी गराउन चाहान्छु ।

बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ एवं नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडसँग सम्बन्धित ऐन कानुनहरु तथा सम्बन्धित निकायहरुद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा परिपालना गरिएको छ । वित्तीय संस्थाले संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखापरीक्षण समिति गठन गरिएको छ । आन्तरिक लेखापरीक्षण तथा वाह्य लेखापरीक्षणबाट प्राप्त सुझाव तथा निर्देशनलाई पालना गराउनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुढृढ बनाउन व्यवस्थापनलाई सल्लाह र सुझाव दिंदै आएको छ ।

वित्तीय संस्थाको कर्जा जोखिम तथा सञ्चालन जोखिम, कर्मचारी व्यवस्थापन लगायतका विषयहरुमा आवश्यक छलफल तथा निर्णय गर्न जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति रहेका छन् ।

साथै, संस्थाको मेरुदण्डको रुपमा रहेको कर्मचारीहरुको मनोबल उच्च राख्न चालु आर्थिक वर्षमा पदीय जिम्मेवारीसँग सम्बन्धित विभागीय व्यवस्थापक एवं अधिकृतहरुलाई तालिम कार्यक्रममा सहभागी गराई कर्मचारीको कार्यदक्षता बृद्धिमा टेवा पुऱ्याउने कार्य भएको छ भने शाखा प्रमुखहरुलाई हालको विषम परिस्थितिमा कर्जा व्यवस्थापनमा रहेको चुनौती सामना गर्न अवलम्वन गर्नु पर्ने नीति तथा कार्यक्रम र भाखा नाघेको कर्जा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया तथा तालिम कार्यक्रम आयोजना गरेको व्यहोरा अवगत गराउन चाहन्छु । साथै, नियामक निकायको अनुरोधलाई स्विकार गर्दै यस संस्थाले बिपिडब्लु लघुबित्त बित्तिय संस्था लि. काभ्रे संग मर्जर/एक्युजिसन गर्ने सम्बन्धीको कार्य पनि अन्तिम चरणमा पुगेको ब्यहोरा समेत जानकारी गर्दछु ।

अन्त्यमा, यस वित्तीय संस्थाको प्रगतिमा प्रत्यक्ष एवं परोक्ष रुपले सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालकज्यूहरु, ग्राहकवर्ग, नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, सिडिएस एण्ड क्लीयरिङ तथा अन्य नियामक निकाय, नेपाल लघुवित्त बैंकर्स संघ, ऋण सहयोग गर्नु हुने बिभिन्न बैंक तथा वित्तीय संस्थाहरु, रेमिट्यान्स एवं वीमा कम्पनी तथा स्थानीय सरोकारवालाहरुमा यस अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । वित्तीय संस्थाको उन्नती र प्रगतिमा निरन्तर लगनशीलताका साथ योगदान पुऱ्याउनु हुने वित्तीय संस्थाका व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । साथै, वित्तीय संस्थाको हरेक गतिविधिहरुलाई यथार्थपरक, वस्तुगत तथा सकारात्मक ढंगले आम जनसमुदाय समक्ष सम्प्रेषण गरिदिने सञ्चार जगत लगायत अन्य सम्पूर्ण शभेच्छुकहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

नन्द कुमार मर्हजन
अध्यक्ष
सञ्चालक समिति

मितिः २०८०/०९/२७ गते शुक्रवार

# सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको दशौं बार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को प्रतिवेदन

सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको यस दशौं बार्षिक साधारण सभामा सहभागी हुनु भएका आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको र मेरो आफ्नो तर्फबाट समेत हार्दिक स्वागत तथा अभिवादन गर्दछु । आर्थिक वर्ष २०७९/८० मा संस्थाले गरेको प्रगति र उपलब्धि, सञ्चालनमा देखिएका चुनौतीहरु र समग्र क्षेत्रको पुनरावलोकन सहित सञ्चालक समितिको प्रतिवेदन, मिति २०८० आषाढ मसान्तको संस्थाको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान एवं नगद प्रवाह विवरण तथा अन्य सम्पूर्ण वित्तीय विवरणहरु सभामा पेश गर्न पाउँदा हामीले गौरवान्वित महशुस गरेका छौं । यो प्रतिवेदन कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशनहरु समेतको अधीनमा रही तयार गरिएको छ । म यस सभामा सञ्चालक समितिको तर्फबाट मुलुकको समष्टिगत आर्थिक अवस्था र आर्थिक विकासमा लघुवित्तको भूमिका बारे संक्षेपमा जानकारी पेस गर्दै संस्थाको गत आर्थिक वर्षको कार्यको समीक्षा, व्यवसायिक रणनीति तथा भावी कार्य योजनाहरु छोटकरीमा प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकासमा लघुवित्तको भूमिका

नेपालमा लघुवित्त कार्यक्रम सुरु भएको ३ दशक भन्दा बढी भैसकेको छ । विगतमा सञ्चालन भएका गरिबीमुखी कर्जा कार्यक्रमहरुमा भएका कमी कमजोरीहरु सुधार गर्दै विपन्न वर्गलाई दीगो वित्तीय सेवा प्रदान गर्ने उद्देश्यले नेपालमा लघुकर्जा कार्यक्रमको सुरुवात भएको थियो । सुरुमा सरकारी स्तरमा ग्रामीण विकास बैंक र निजी स्तरमा गैह्र सरकारी संस्थाको सक्रियतामा सुरु भएको लघुवित्त आन्दोलन निजी क्षेत्रको सक्रियता र नेपाल राष्ट्र बैंकको सहयोगी भूमिकाले आज ७७ जिल्लामा कार्यक्रम विस्तार गर्न सफल भएको छ । लघुवित्त कार्यक्रमले आय आर्जनमा सघाउने, सम्पत्ति श्रृजना हुने, जोखिम व्यवस्थापन गराउने, व्यबसायिकताको बिकास गराउने तथा रोजगार प्रबर्द्धन गर्ने र लक्षित वर्गको सशक्तिकरण हुन गई गरिबी कम गर्न सघाउ पुऱ्याएको कुरामा कुनै शंका छैन । नेपालमा लघुवित्त सेवा प्रदायक बिभिन्न संघ संस्थाहरु क्रियाशिल भएता पनि नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गमा वर्गीकृत लघुवित्त वित्तीय संस्थाहरु यस क्षेत्रमा बढी क्रियाशिल छन् । लघुवित्त वित्तीय संस्थाहरुको कार्यक्रमले वित्तीय पहुँच बृद्धि गराएको, वित्तीय साक्षरतामा सहयोग पुऱ्याएको र गरिब परिवारहरुको आयस्तर बृद्धि गर्न समेत महत्वपूर्ण भूमिका खेलेकोले यस्ता कार्यक्रमलाई देशका दुरदराजमा रहेका समुदायसम्म अनिवार्य रुपमा पुऱ्याउन आवश्यक छ तर यो क्षेत्र समस्या तथा चुनौती रहित भने छैन । अतः पिछडिएका तथा गरिबसम्म वित्तीय पहुँच पुऱ्याउने, कमजोर वर्गको सशक्तिकरण गर्ने, न्यून वर्गको आर्थिक र सामाजिक स्तर बृद्धिमा सहयोग गर्ने उद्देश्यका साथ स्थापित यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडले केन्द्रीय बैंकको नीति, निर्देशन पूर्ण रुपले अवलम्वन गर्दै आफ्नो कार्यक्रम सु-सञ्चालन गर्न क्रियाशिल रहदै आएको छ ।

## २. सामुदायिक लघुवित्त वित्तीय संस्थाको संक्षिप्त चिनारी

यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड कम्पनी ऐन, २०६३ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा मिति २०७०/०३/२८ मा दर्ता भएको कम्पनी हो । नेपाल महिला उत्थान केन्द्रले सञ्चालन गरेको लघुवित्त कार्यक्रमलाई दुबै संस्थाको सञ्चालक समितिको निर्णय अनुसार यस वित्तीय संस्थालाई मिति २०७० चैत्र ३० गते नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको वित्तीय संस्थाको रुपमा कारोवार सञ्चालन गर्न इजाजत प्रदान गरिए बमोजिम २०७१ श्रावण १ देखि औपचारिक रुपमा आफ्नो कारोवार प्रारम्भ गरेको थियो । यसको रजिष्टर्ड कार्यालय काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल, तामाघाटमा रहेको भए तापनि मिति २०७२ बैशाख १२ र २९ गतेको महाभुकम्पको कारण हाल बनेपा १४, साँगा काभ्रेपलाञ्चोकमा स्थायी रुपमा स्थानान्तरण भएको छ । यस वित्तीय संस्थाको काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्ग, नुवाकोट, भोजपुर र संखुवासभा गरी १० जिल्लाहरुमा कार्यक्षेत्र रहेको छ । यस संस्थाको संक्षिप्त प्रगति विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | २०८० आषाढ मसान्त | २०७९ आषाढ मसान्त |
|---|---|---|---|
| १ | कार्यक्रम पुगेको जिल्ला | १० | १० |
| २ | सेवा पुगेको स्थानीय तह संख्या | ९३ | ९३ |
| ३ | शाखा कार्यालय | ३७ | ३७ |
| ४ | इकाई | ३० | २९ |
| ५ | केन्द्र संख्या | ३,१७० | ३,१४१ |
| ६ | कुल कर्मचारी संख्या | १५२ | १४५ |
| ७ | कुल ग्राहक सदस्य संख्या | ३९,९३४ | ४०,५८७ |
| ८ | कुल ऋणी संख्या | १४,३१७ | १६,९२० |
| ९ | लगानीमा रहिरहेको रकम (रु) | १,२१,८५,१०,४२०।- | १,५९,७०,३५,३९८।- |
| १० | बचत परिचालन वा संकलन (रु) | ५५,९३,१३,६६०।- | ५७,६५,५३,६५७।- |
| ११ | कुल नाफा (नोक्सान) (रु) | (५७,९६,५२९।-) | ४,६६,२३,४९७।- |
| १२ | खुद नाफा (नोक्सान) (रु.) | (४७,५२,४८८।-) | ३,०१,२३,२२०।- |

## ३. वित्तीय संस्थाको वार्षिक आर्थिक विवरण

यस सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड, काभ्रेपलाञ्चोकको मिति २०८० आषाढ मसान्तसम्मको वासलात तथा आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र पुँजीमा भएको परिवर्तनको लेखा परीक्षण गरी तयार गरेको विवरण देहाय बमोजिम संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ –

## वार्षिक आर्थिक विवरण

क) वित्तीय संस्थाको वार्षिक आर्थिक विवरण नेपाल लेखामान (प्रचलित कानुनले व्यवस्था गरे बाहेक), कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशनमा आधारित भई मान्यता प्राप्त 'क' वर्गको लेखा परीक्षकबाट तयार पारिएको छ ।

ख) लेखाको सर्वमान्य सिद्धान्त, नेपाल लेखामान र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनहरुको आधारमा आर्थिक विवरण तयार पारिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणहरुलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षण, कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुगमन एवं वित्तीय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्याङ्कन समेत समावेश गरी मान्यता प्राप्त लेखा परीक्षकबाट तयार पारिएको छ ।

ग) कम्पनीले जोखिम व्यहोर्ने कोषको व्यवस्था पर्याप्त गरेको छ ।

घ) कम्पनीले गरेको सम्पूर्ण कारोवार कम्पनीको अख्तियारी भित्र रहेको छ ।

ङ) यस वित्तीय संस्थाले लघुवित्त सम्बन्धी कारोवारहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार स्वीकृत प्राप्त कार्यक्षेत्रमा वित्तीय सेवा विस्तारको लागि सम्भावित क्षेत्रहरुमा, समूहमा आधारित बचत, ऋण, लघु वीमा, ग्रामीण कर्जा वीमा, रेमिट्यान्स, धितोमा आधारित कर्जा तथा आयआर्जन निमित्त सीप विकास तालिम तथा वित्तीय साक्षरताका कार्यहरु प्रमुख कारोवारको रुपमा सञ्चालन गर्दै आइरहेको छ ।

च) गत वर्षको तुलनामा समीक्षा अवधिमा यस वित्तीय संस्थाको खुद मुनाफा (नोक्सान) रु.( ४७,५२,४८८।-) कुल सम्पत्ति रु. १,३६,१८,९८,९३८।- प्रति शेयर बुक नेटवर्थ रु. १५०.६९ कायम रहेको छ ।

क) आर्थिक वर्ष २०७९/८० को वासलात अनुसार

| कुल पुंजी तथा दायित्व | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| | १,३६,१८,९८,९३८।- | १,६६,८४,०७,७०२।- |

ख) आर्थिक वर्ष २०७९/८० को नाफा/नोक्सान हिसाब अनुसार

| नाफा नोक्सान हिसाब | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| खुद नाफा (नोक्सान) | (४७,५२,४८८।-) | ३,०१,२३,२२०।- |

छ) शेयर पुंजी

नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम चुक्ता पुंजी रु. १० करोड रहेता पनि यस संस्थाको २०८० आषाढ मसान्तसम्ममा संस्थापकको तर्फबाट चुक्ता पुंजी रु १०.१६४ करोड र सर्वसाधारणको तर्फबाट ४.३५६ करोड गरी जम्मा चुक्ता पुंजी रु. १४.५२ करोड पुगेकोछ ।

ज) कार्यक्षेत्र र कार्यालयहरु

यस संस्थाको कार्यक्षेत्र दुई प्रदेश (बाग्मती प्रदेश र प्रदेश नम्बर १) मा रहेको छ । आर्थिक बर्ष २०७९/८० को अन्त्यसम्ममा १० जिल्लाहरुमा कार्यक्रम विस्तार गरिएको छ । साथै, यस

संस्थाको केन्द्रीय कार्यालय १, शाखा कार्यालय ३७ र इकाइ २९ गरी जम्मा ६७ वटा संख्या पुगेका छन् ।

झ) मानव संसाधनको विकास

आर्थिक बर्ष २०७९/८० मा कर्मचारी दक्षता अभिबृद्धि गरी मानव संसाधनको विकास गर्न आन्तरिक तथा बाह्रय तालिम कार्यक्रमहरुमा पदीय जिम्मेवारी अनुसार देहाय बमोजिम सहभागी गराउँदै आइरहेको छ । शाखा सञ्चालन, कर्मचारी अनुशासन तथा सेवा सुविधा, लेखा अभिलेख, भाखा नाघेको कर्जा असुली, सूचना प्रवीधि सम्बन्धित बिषयहरुमा शाखा प्रमुख स्तरिय कर्मचारीहरुलाई भर्चुअल माध्यमद्वारा अभिमुखिकरण गरिएको थियो । यस किसिमका कार्यक्रमबाट कर्मचारीहरुको सिप क्षमता अभिबृद्धि गर्न सहयोग पुर्‍याएको महशुस गरिएको छ ।

**क) आर्थिक वर्ष २०७९/८० मा कर्मचारीहरुको सिप अभिबृद्धि गर्न आयोजना गरिएको आन्तरिक तालिम कार्यक्रम :**

| क्र. सं. | तालिम कार्यक्रमको नाम | सहभागी संख्या | सहभागीको स्तर | कार्यक्रम संचालन भएको स्थान | तालिमको उद्देश्य |
|---|---|---|---|---|---|
| १ | पुर्व सेवाकालिन अभिमुखीकरण तालिम | २८ | कनिष्ठ अधिकृत तथा सहायक | धुलिखेल तालिम केन्द्र, धुलिखेल | लघुवित्तको सैद्धान्तिक ज्ञान, कार्यक्रम सञ्चालनको प्रक्रिया, अनुगमन प्रक्रिया, तथा व्यवस्थापन सम्बन्धि  ज्ञान तथा सिप अभिबृद्धि गर्ने । |
| २ | केन्द्र प्रमुख गोष्ठीको समीक्षा र नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २० | अनुगमन अधिकृतहरु र केन्द्रीय कार्यालयका कर्मचारीहरु | बिशालचोक तालिम केन्द्र, बनेपा १०, काभ्रेपलाञ्चोक | केन्द्र प्रमुख गोष्ठी र वित्तीय साक्षरता कार्यक्रमको समीक्षा तथा भावी नीति कार्यक्रम तर्जुमा र भाका नाघेको कर्जा असुलीका लागि रणनीतिक योजना तर्जुमा गर्ने । |
| ३ | पूर्व सेवाकालिन तालिम कार्यक्रम | २५ | सहायक र कनिष्ठ सहायकहरु | बिशालचोक तालिम केन्द्र, बनेपा १०, काभ्रेपलाञ्चोक | समूह संगठन, बचत परिचालन, कर्जा लगानी तथा कर्जा असुली, बीमाको अवधारणा, वित्तीय साक्षरता तथा कर्मचारीको कार्यभार र जिम्मेवारी सम्बन्धि आधारभूत जानकारी । |
| ४ | १० दिने कार्यगत तालिम कार्यक्रम | ३१ | सहायक र कनिष्ठ सहायकहरु | यस संस्थाका विभिन्न शाखा अन्तरगत रही । | संस्था र संस्थाद्धारा सञ्चालित लघुवित्त कार्यक्रम सञ्चालन प्रक्रिया पद्धति बारे फिल्ड अवधारणा । |
| | **जम्मा** | **१०४** | | | |

**ख) आर्थिक वर्ष २०७९/८० मा कर्मचारीहरुको सिप अभिबृद्धि गर्न सहभागिता गरिएको बाह्य तालिम कार्यक्रम :**

| क. सं. | तालिम कार्यक्रमको नाम | सहभागी संख्या | सहभागीको स्तर | कार्यक्रम गर्ने संस्था तथा भएको स्थान | तालिमको उद्देश्य |
|---|---|---|---|---|---|
| १ | वित्तीय साक्षरता प्रशिक्षकहरुको तालिम (Training of Trainers On Financial Literacy) | २ | अधिकृत | नेशनल बैंकिङ्ग इन्स्टीच्यूट (NBI), नक्साल | वित्तीय साक्षरता कार्यक्रमको प्रस्तुती कसरी गर्ने, बयस्क तालिमको सिद्धान्त, प्रशिक्षकको भूमिका, सेसन डिजाइन आदि। |
| ३ | Microfinance Confere ce 2023-Issues, Challenge & Direction of Nepalese MFIs | ३ | व्यवस्थापन तहका कर्मचारीहरु | नेशनल बैंकिङ्ग इन्स्टीच्यूट (NBI) / At Hyatt Regency, Kathmandu | लघुवित्तका वर्तमान सवालहरु, चुनौतीहरु तथा लघुवित्त संस्थाहरुको आगामी मार्ग सम्बन्धमा जानकारी प्राप्त गर्ने । |
| | **जम्मा** | **५** | | | |

ञ) वित्तीय साक्षरता सम्बन्धि जानकारी तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन

आर्थिक बर्ष २०७९/८० मा संस्थाले सेवाग्राही सदस्यहरुलाई वित्तीय साक्षर गराउने उद्देश्यले समूहमा आवद्ध सदस्य, अविभावक तथा स्थानीय सरकारका जनप्रतिनिधिहरु समेतको उपस्थितमा गरिएको अन्तरक्रिया कार्यक्रमबाट वित्तीय साक्षरता सम्बन्धि आधारभूत ज्ञान हासिल गर्न सकेको भन्ने हामीले विश्वास लिएकाछौं । वित्तीय साक्षरता सम्बन्धि गरिएको अन्तरक्रिया कार्यक्रम देहाय बमोजिमको मिति र स्थानमा गरिएको थियो ।

| क. सं. | सम्बन्धित शाखाको नाम | कार्यक्रम सञ्चालन गरेको स्थान | सहभागी संख्या | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|
| १ | सल्लेरी शाखा | सोलु दुधकुण्ड न.पा | ४४ | ११/२९/२०७९ |
| २ | शीशा इकाइ | सोलु दुधकण्ड न.पा | ४५ | ११/२६/२०७९ |
| ३ | सोताङ शाखा | सोताङ गा.पा | ८१ | १२/१/२०७९ |
| ४ | काँकू इकाइ | माप्य दुधकोशी गा.पा | ५४ | ११/२८/२०७९ |
| ५ | नेले इकाई | थुलुङ दुधकोशी गा.पा | ५६ | ११/२७/२०७९ |
| ६ | सिद्धिचरण शाखा | सिद्धिचरण न.पा | ५० | १/१५/२०८० |
| ७ | रामपुर इकाई | सिद्धिचरण न.पा | ५० | १/१६/२०८० |
| ८ | निशंखे इकाई | मोलुङ्ग गा.पा | ४५ | १/१७/२०८० |
| ९ | खिजीदेम्बा शाखा | खिजीदेम्बा गा.पा | ४१ | ११/६/२०७९ |

| क्र. सं. | सम्बन्धित शाखाको नाम | कार्यक्रम सञ्चालन गरेको स्थान | सहभागी संख्या | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|
| १० | भोजपुर शाखा | भोजपुर न.पा | ९४ | ११/२९/२०७९ |
| ११ | घोडेटार इकाइ | हचुवागढी गा.पा | ५० | १२/१/२०७९ |
| १२ | तिवारीभञ्ज्याङ्ग शाखा | पौवादुम्ना गा.पा | ५४ | ११/२८/२०७९ |
| १३ | दिङ्ला इकाई | षडानन्द गा.पा | ४१ | ११/२७/२०७९ |
| १४ | खोटाङ्गबजार शाखा | खोटेहाङ्ग गा.पा | ७० | १२/४/२०७९ |
| १५ | ऐसेलुखर्क शाखा | ऐसेलुखर्क गा.पा | ५८ | ११/१८/२०७९ |
| १६ | हलेशी शाखा | हलेशी तुवाचुङ्ग गा.पा | ६४ | ११/१६/२०७९ |
| १७ | दिक्तेल शाखा | दिक्तेल रुपाकोट न.पा | ७० | ११/१५/२०७९ |
| १८ | खाँदवारी शाखा | खाँदवारी न.पा | ९१ | ११/२६/२०७९ |
| १९ | चैनपुर शाखा | चैनपुर न.पा | ४९ | ११/२५/२०७९ |
| २० | नेचा शाखा | नेचा सल्यान गा.पा | ७९ | १/१८/२०८० |
| २१ | मन्थली शाखा | मन्थली न.पा | ९२ | ११/४/२०७९ |
| २२ | पुरानागाँउ इकाई | मन्थली न.पा पुरानागाँउ | ६४ | ११/३/२०७९ |
| २३ | गाल्पा शाखा | खाँडादेवी गा.पा | ३९ | ११/१६/२०७९ |
| २४ | पकरवास ईकाइ | खाँडादेवी गा.पा | ४५ | ११/१५/२०७९ |
| २५ | ठोसे इकाई | गोकुलगंगा गा.पा | ४९ | १०/२८/२०७९ |
| २६ | बाम्ती इकाई | गोकुलगंगा गा.पा | ४५ | १०/२८/२०७९ |
| २७ | सुन्द्रावती शाखा | कालिञ्चोक गा.पा | १०६ | ११/१३/२०७९ |
| २८ | जिरी शाखा | जिरी न.पा | ४२ | १०/२९/२०७९ |
| २९ | मागादेउराली शाखा | शैलुङ्ग गा.पा | ८१ | ११/१४/२०७९ |
| ३० | चरिकोट शाखा | भिमेश्वर न.पा | १२५ | ११/१२/२०७९ |
| ३१ | सिंगटी इकाई | विगु गा.पा वडा नं.४ | ७९ | १०/२४/२०७९ |
| ३२ | किर्ने शाखा | तामाकोशी गा.पा ५ | ३५ | ११/१/२०७९ |
| ३३ | धोवी इकाई | लिखु तामाकोशी गा.पा ३ | ४९ | ११/२/२०७९ |
| ३४ | मेलम्ची शाखा | मेलम्ची न.पा | ७८ | ११/४/२०७९ |
| ३५ | तिपेनी इकाई | पाँचपोखरी गा.पा ७ | ५१ | ११/३/२०७९ |
| ३६ | चौतारा शाखा | चौतारा न.पा | ४१ | ११/२०/२०७९ |
| ३७ | बार्ह्बिसे शाखा | बार्ह्बिसे न.पा | ७७ | ११/२१/२०७९ |
| ३८ | मुडे शाखा | लिसंखु गा.पा | ७२ | ११/११/२०७९ |
| ३९ | नवलपुर शाखा | ईन्द्रावती गा.पा | ४७ | ११/५/२०७९ |

| क. सं. | सम्बन्धित शाखाको नाम | कार्यक्रम सञ्चालन गरेको स्थान | सहभागी संख्या | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|
| ४० | कात्तिके ईकाइ | चौरी देउराली गा.पा ६ | ५१ | १०/२७/२०७९ |
| ४१ | सिपाघाट शाखा | मन्डन देउपुर गा.पा | ८९ | ११/२/२०७९ |
| ४२ | पिप्ले ईकाई | मेलम्ची न.पा | ४६ | ११/१/२०७९ |
| ४३ | नाला शाखा | बनेपा न.पा | ३३ | ११/२/२०७९ |
| ४४ | साँगा शाखा | बनेपा न.पा | २१ | ११/६/२०७९ |
| ४५ | धुलिखेल शाखा | धुलिखेल न.पा | ६८ | ११/५/२०७९ |
| ४६ | तामाघाट शाखा | पाँचखाल न.पा | ९८ | ११/१९/२०७९ |
| ४७ | अनेकोट इकाई | पाँचखाल न.पा | ६६ | ११/१८/२०७९ |
| ४८ | तेमाल इकाई | तेमाल गा.पा ५ | ५३ | ११/१४/२०७९ |
| ४९ | भकुण्डेबेशी शाखा | नवबुद्ध न.पा | ६२ | ११/१३/२०७९ |
| ५० | पनौती शाखा | पनौती न.पा | ३९ | ११/४/२०७९ |
| ५१ | ढुङ्गखर्क इकाई | बेथानचोक गा.पा | ४० | १२/३/२०७९ |
| ५२ | फलामेसाँघु इकाई | रोशी गा.पा | ६७ | १०/२४/२०७९ |
| ५३ | भुम्लु इकाई | भुम्लु गा.पा ४ | ६० | १०/२६/२०७९ |
| ५४ | दोलालघाट शाखा | भुम्लु गा.पा ८ | ४३ | १०/२८/२०७९ |
| ५५ | खरानीटार शाखा | ताडी गा.पा | ५३ | ११/१३/२०७९ |
| ५६ | देउराली इकाई | मेघाङ्ग गा.पा | ६५ | ११/१२/२०७९ |
| ५७ | त्रिशुली शाखा | बिदुर न.पा | ५८ | ११/१५/२०७९ |
| ५८ | काहूले शाखा | किस्पाङ्ग गा.पा | ९१ | ११/१४/२०७९ |
| ५९ | रानीपौवा शाखा | ककनी गा.पा | ३४ | ११/११/२०७९ |
| | | **जम्मा** | ३,५४० | |

ट) आर्थिक बर्ष २०७९/८० मा यस संस्थाको बार्षिक नीति तथा कार्यक्रम अनुसार शाखा तथा इकाई अर्न्तगत आवद्ध रहेका १६३ जना जेष्ठ नागरिक सदस्यहरुलाई दोसल्ला तथा प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो ।

## ४. वर्तमान अवस्था र भावी कार्यक्रम सम्बन्धमा सञ्चालक समितिको धारणाः

चालु आर्थिक वर्ष २०८०/८१ मंसिर मसान्तसम्मको कार्यक्रम विकास/विस्तारको सिंहावलोकन देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विवरण | २०८० मंसिर मसान्त |
|---|---|---|
| १ | कार्यक्रम पुगेको जिल्ला | १० |
| २ | सेवा पुगेको स्थानीय तह संख्या | ९२ |
| ३ | शाखा कार्यालय | ३७ |
| ४ | इकाई | २९ |
| ५ | केन्द्र संख्या | ३,१९१ |
| ६ | कुल कर्मचारी संख्या | १४९ |
| ७ | कुल ग्राहक सदस्य संख्या | ३९,७५० |
| ८ | कुल ऋणी संख्या | १२,९४४ |
| ९ | लगानीमा रहिरहेको रकम (रु) | १,२२,४६,४१,४१६।- |
| १० | बचत परिचालन वा संकलन (रु) | ५३,८१,५७,६५७।- |

साथै आर्थिक बर्ष २०८०/८१ मा निम्नलिखित नीति तथा कार्यक्रमहरु सञ्चालन गर्ने कार्य योजना रहेको व्यहोरा शेयरधनी मानुभावहरुलाई जानकारी गराउन चाहन्छौं ।

१. संस्थाको प्रवन्ध पत्र, नियमावली, नियम, विनियम, नीति, कार्यविधि तथा नियमन निकायको निर्देशन तथा प्रचलित ऐन कानुनसँग सम्बन्धीत बिषयमा संस्थाका सञ्चालक समितिका पदाधिकारीहरु एवं कर्मचारीहरुलाई शुसुचित हुने गरी समय समयमा अन्तरक्रिया/अभिमुखीकरण कार्यक्रम तथा अन्य निकायले आयोजना गर्ने तालिम तथा गोष्ठीमा सहभागि गराउने ।
२. स्थानीय सरकारसंग समन्वयन गरी हाल देखिएका विद्यमान समस्या समाधान गर्नका लागि वडा अध्यक्ष, पालिकाका अध्यक्ष र नगरपालिकाको प्रमुख सहित लघुवित्त कार्यक्रम सँग सम्बन्धित समसामयिक बिषयमा सदस्यहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।
३. फिल्ड कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन क्षेत्रगत रुपमा अनुगमन अधिकृतलाई प्रभावकारी रुपमा परिचालन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत बनाउने ।
४. संस्थामा हाल भईरहेको नीति निर्देशन कार्यविधिको अलवा नयाँ कर्मचारी सेवा विनियमावली, कर्जा नीति, कर्जा कार्यविधि नयाँ तयार गरी कार्यान्वयन गर्ने ।
५. संस्था र संस्थाको लघुवित्त कार्यक्रमसँग सम्बन्धित फ्लेक्स ब्यानरको व्यवस्था गरी वित्तीय साक्षरता अभिमुखीकरण कार्यलाई प्रभावकारी बनाउने ।
६. नयाँ सदस्य, बचतकर्ता तथा नयाँ कर्जा लगानीका लागि कार्यक्रम विकास विस्तारका सम्भावित क्षेत्रको पहिचान गरी कार्यक्षेत्र विस्तार गर्ने ।
७. कार्यक्रम विकास, विस्तार तथा सञ्चालन गर्न स्थानिय निकायसँग सहकार्य गरी सदस्य तथा सदस्यका परिवारका सदस्यलाई समेत व्यवसायिक सीप तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम प्रदान गरी वयवसाय विकासमा टेवा पुरयाउने ।

८. शाखा तथा इकाईमा न्यूनतम आधारभूत भौतिक पूर्वाधारको व्यवस्था गरी दैनिक कारोवार सञ्चालन गर्न सहज वातावरण नर्माण गर्ने ।

९. व्यवसाय गर्न इच्छुक पुरुषहरुलाई समेत सदस्यता ग्रहण गराउने नीतिगत व्यवस्था गर्ने ।

१०.हाल केन्दीय कार्यालय रहेको सांगा बनेपा आसपासको क्षेत्रमा जग्गा खरिद गरी संस्थाको आफ्नै भवन निर्माण गर्ने ।

११.सम्पर्क विहीन अवस्थामा रहेका ऋणीहरुको सूची तयार गरी वास्तविक अवस्था पत्ता लगाउन अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।अनुगमनका क्रममा कर्मचारीबाट आर्थिक अनियमितता भएको पाइएमा सम्बन्धित कर्मचारीबाट असुल उपर गर्न जिम्मेवार बनाउने व्यवस्था गरिनेछ ।।

१२.संस्थाको लघुवित्त कार्यक्रममा संलग्न घरपरिवारका सदस्य एवं कार्यक्रम सञ्चालन क्षेत्रका बासिन्दालाई समावेश गरी लघुवित्त कार्यक्रमलाई सकारात्मक प्रभाव पर्ने गरी स्थानिय निकाय र विभिन्न संघसंस्थाहरुसँग सहकार्य गरी वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१३.सार्वजनिक संघ संस्था तथा अति न्यून घर परिवारका सदस्य एवं बिभिन्न पक्षबाट पिडित व्यक्तिहरुको हित हुने कार्यमा ग्राहक संरक्षण कोष तथा सामाजिक उत्तरदायित्व कोषको अधिकतम परिचालन गर्ने ।

१४.असल सदस्यहरुको वर्गीकरण गरी निजहरुको व्यवसायिक क्षमताको आधारमा बढी कर्जा उपभोग गर्न प्रेरित गर्ने नीतिगत व्यवस्था गर्ने ।

१५.७० बर्ष उमेर माथिका जेष्ठ सदस्यहरुलाई सम्मान गरी निजहरुलाई संस्थाको नीति बमोजिम नियमित बचत मात्र गर्न प्रोत्साहन गर्ने ।

१६.संस्थाको कार्यक्रम सञ्चालनमा बाह्रय वित्तीय श्रोतको निर्भरतामा कम गर्न आन्तरिक वित्तीय श्रोतलाई मजवुत बनाउन बचतमा आकर्षक ब्याज निर्धारण गरी अधिक बचत संकलनमा प्रेरित गर्ने ।

१७.सर्भर क्षमता बृद्धि गर्ने गरी ग्राहक सदस्यको आवश्यक सूचना व्यवस्थित गर्ने व्यवस्था मिलाउने र सुपरिवेक्षण तथा अनुगमन कार्यलाई बिशेष प्राथमिकताका साथ प्रभावकारी र योजनावद्ध रुपमा कार्यान्वयन गर्ने ।

१८.कर्जा विश्लेषण गरी गुणस्तरीय कर्जा लगानी गर्न शाखा, क्षेत्र कार्यालय तथा केन्द्रीय कार्यालयलाई अख्तियारी दिए बमोजिम मात्र कर्जा स्वीकृत व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने ।

१९.बढी भाखा नाघि उच्च जोखिममा रहेका शाखाहरुलाई केन्द्रीय कार्यालयबाट वित्तीय कारोवारमा नियन्त्रण कायम गर्ने ।

२०.कूल सदस्य संख्याको कम्तिमा ४५ प्रतिशत ऋणी सदस्य संख्या पुर्‍याउने ।

२१.आन्तरिक लेखापरीक्षणका क्रममा औल्याएका कमीकमजोरी तथा कैफियत सुधारलाई प्रमुख कार्यको रुपमा प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने ।

२२.धितो कर्जा थप लगानीको लागि व्यवस्थापन समितिबाट गुणस्तरको मापदण्ड र सुरक्षित क्षेत्रको निर्धारण गरेर मात्र लगानी गर्ने ।

२३. ग्राहक सदस्यहरुलाई कर्जा भुक्तानीमा सहजता निर्माण गर्न खल्ती तथा इसेवा कम्पनीसँग समन्वय गरी डिजिटलाइज कारोवार लागू गर्ने ।

२४. पाँच वर्षभन्दा बढी अवधिका भुक्तानी प्राप्त गर्न बाँकी र भुक्तानी दिन बाँकी हिसाब किताब मिलान गर्ने सम्बन्धमा व्यवस्थापन समितिबाट आवश्यक पहल गरी उक्त हिसाब नियमित रुपमा न्यूनिकरण गर्ने नीति लिइनेछ ।

२५. रु. ५०००।- भन्दा कम बुक भ्याल्यू तथा संस्थाको प्रयोगमा आउन नसकेका स्थिर सम्पत्ति अपलेखन तथा लिलाम बिक्री गरी व्यवस्थापन गर्ने ।

२६. नेपाल राष्ट्रबैंकको निर्देशन अनुसार संस्थाको वित्तीय विवरण NFRS बमोजिम तयार गर्न प्रारम्भिक तयारी गर्ने ।

२७. संस्थाको नीति नियम र कार्यविधि अनुरुप नियमित साँवा र व्याज भुक्तानी गरी ऋण चुक्ता गर्ने असल वर्गमा पर्ने ऋणी सदस्यहरुलाई प्रोत्साहन गरी टिकाई राख्न भुक्तानी गरिएको व्याजको ६.६७ प्रतिशत छुट दिने व्यवस्था गर्ने । साथै दलित तथा एकल महिलालाई व्याजदरमा १ प्रतिशत छुट लिइसकेका ऋणीहरुलाई यो व्यवस्था लागु हुने छैन ।

२८. विगतमा राम्रो व्यवसाय गरेको, कर्जा कारोवार राम्रो गरेको र हालमा पनि संस्था र संस्थाको कार्यक्रम प्रति सकारात्मक सोच भएका तर परिस्थिति र विवसतावस व्यवसाय डुबी खराव लिष्टमा परेका आफ्नो क्षमता अनुसार कर्जा तिर्न इच्छुक रहेका ऋणीहरुको व्यवसाय पुर्नस्थापना गर्न प्रति ऋणी बढीमा रु. २५०००। सम्म थप कर्जा लगानी गर्ने व्यवस्था गर्ने ।

२९. हालको व्यवस्था बमोजिम कर्जाको माग गर्दा समुहका ५ जना सदस्यहरुले अनिवार्य दस्तखत गर्ने व्यवस्थालाई परिमार्जन गरी केन्द्रका अन्य सदस्यहरुले सिफारिस गरेको आधारमा पनि लगानी गर्ने व्यवस्था गर्ने । साथै ५/५ जना सदस्यको समूह र ३ समूहको केन्द्र निर्माण गर्ने अवधारणामा पमिार्जन गरी २ भन्दा बढी सदस्यहरु समूहमा रहने गरी समूहका आधारमा कारोवार गर्ने व्यवस्था गर्ने ।

३०. हालको विषम परिस्थितिलाई बिश्लेषण गर्दा राम्रा ऋणीले समेत कर्जा भुक्तानी नगरि संघर्ष समितिको प्रभावमा परी कर्जा भुक्तानी नगर्ने कमसल, शंकास्पद तथा खराव वर्गमा परेका ऋणी सदस्यहरुको बचतबाट समेत कर्जाको साँवा र व्यजा असुल उपर गर्न सक्ने व्यवस्था गर्ने ।

३१. उद्यमशिल विकास बिषयमा दक्ष जनशक्तिको परिचालन गरी लघुवित्त क्षेत्रमा वर्तमान अवस्थामा देखिएको चुनौतीहरुलाई सामना गर्न राम्रा सदस्यहरुलाई उद्यमीको रुपमा विकास गरी सदस्यहरुलाई टिकाई राख्ने व्यवस्था गर्ने ।

३२. संस्थाद्वारा लगानी भएका अधिकांश कर्जा रकम कृषि व्यवसायमा लगानी हुने गरेकोले सदस्यहरुलाई कृषि क्षेत्रको आधारभूत ज्ञान प्रदान गर्न कनिष्ठ सहायक स्तरका कर्मचारी भर्ना गर्दा जे.टी.ए. कोर्ष उतिर्ण गरेका व्यक्तिले समेत उम्मेदवारी दिने सक्ने व्यवस्था गर्ने ।

३३. ग्राहक सदस्यहरुलाई बैकिङ्ग सेवा बाहेक स्वास्थ्य संग सम्बन्धित चेतना मुलक कार्यक्रम सञ्चालन गर्न अनमी कोर्ष उतिर्ण गरेका २ जना जनशक्ति कनिष्ठ सहायक स्तरमा करार सेवामा भर्ना गरी परिचालन गर्ने व्यवस्था गर्ने । साथै शाखा प्रमुखहरुलाई आधारभूत स्वास्थ्य तालिम

प्रदान गरी ऋण लिन आउने सदस्यहरुको BP जाँच गर्ने व्यवस्था गर्न सबै कार्यालयमा ब्लडप्रेसर मेसिनको व्यवस्था गर्ने ।

३४. हाल सञ्चालनमा रहेको इकाईलाई कार्यक्रम विकास विस्तारको सम्भाव्यता अध्ययन गरी शाखा कार्यालयको रुपमा विकास गर्ने नीति लिईनेछ ।

३५. असल वर्गमा पर्ने ऋणीहरुको सूची तयार गरी ऋणीको सीप र क्षमता अनुसार कर्जा प्रवाह गर्ने व्यवस्था गर्ने ।

३६. एक्कल ग्राहक कर्जा सीमामा नबढ्ने गरी ५०% रकम तिरीसकेको ऋणीलाई सोही शीर्षकमा कर्जा थप गर्ने व्यवस्था मिलाइने छ । धितो कर्जाको हकमा स्वीकृत कर्जा सीमाभन्दा बढी हुनेछैन ।

३७. सेवाग्राही सदस्यहरुको व्यवसाय र उद्देश्यका आधारमा समुह निर्माण गरी शाखाहरुलाई पकेट क्षेत्रको रुपमा पहिचान गरी उद्यमी सदस्यहरु बृद्धि गर्ने नीति लिईने छ ।

## ५. लेखा परीक्षकको नियुक्ति

वित्तीय संस्थाको लेखा परीक्षकका रुपमा H.Pahadi & Associates लाई नवौं बार्षिक साधारण सभाले आर्थिक बर्ष २०७९/८० का लागि पारिश्रमिक रु १,६८,०००।- (कर बाहेक) दिने गरी नियुक्ति गर्न स्वीकृति गरिएको र वार्षिक लेखा परीक्षणको कार्य सफलतापूर्वक सम्पन्न गरिसकेकोले उहाँलाई धन्यवाद व्यक्त गर्दछौं र आगामी आर्थिक वर्ष २०८०/८१ को लेखा परीक्षण कार्यको लागि लेखा परीक्षण समितिको सिफारिश बमोजिम रु.२,१५,०००।-(कर बाहेक) पारिश्रमिक दिने गरी J.D. Associates लाई लेखा परीक्षकमा नियुक्ति गर्न स्वीकृतिको लागि यस सभामा प्रस्ताव गरिएको जानकारी गर्दछु ।

## ६. अन्य बार्षिक आर्थिक विवरण

### क) पुँजी तथा दायित्व तर्फ

#### १. पुँजी तथा जगेडा कोष

समीक्षा अवधिमा वित्तीय संस्थाको चुक्ता पुँजी रु १४.५२ करोड रहेको छ । वित्तीय संस्थाको पुँजी पर्याप्तता अनुपात १३.२२ प्रतिशत रहेको छ ।

#### २. नाफा नोक्सान बाँडफाँड

i) नेपाल राष्ट्र बैंकले तोकेको तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस वित्तीय संस्थाले खुद नाफाबाट २० प्रतिशतले हुन आउने रकम साधारण जगेडा कोषमा छुट्ट्याउनु पर्नेमा यस आर्थिक बर्षमा खुद मुनाफा ऋणात्मक भएकोले साधारण जगेडा कोषमा छुट्ट्याएको छैन ।

ii) बोनश ऐन, २०३० बमोजिम मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले एक आर्थिक वर्ष भरिमा गरेको खुद मुनाफाको १० प्रतिशत बराबरको रकम कर्मचारीहरुलाई बोनश वापत छुट्ट्याउनु पर्छ भन्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९।८० मा संस्थाको नाफा ऋणात्मक भएकोले कर्मचारी बोनस कोषमा छुट्याएको छैन ।

iii) नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आर्थिक बर्ष २०७९/०८० मा संस्थाले पुनरतालिकीकरण र/वा पुनसंरचना पश्चात् कर्जा नोक्सानी व्यवस्थाबाट रु २६९७५७८९।- फिर्ता गरिए बराबरको रकम सञ्चित मुनाफा खाता खर्च गरी छुट्टै खाता कर्जा नोक्सानी व्यवस्था (पुनरतालिकीकरण/पुनसंरचना) कोष खातामा लेखाँकन गरिएकोछ ।

## ३. ऋणपत्र

वित्तीय संस्थाले हालसम्म ऋणपत्र तथा बण्डमा लगानी गरेको छैन ।

## ४. कर्जा

वित्तीय संस्थाले स्वीकृत कार्यक्षेत्रका आफ्ना ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्ने सिलसिलामा राष्ट्रिय वाणिज्य बैंक, नेपाल एसविआई बैंक, माछापुच्छ्रे बैंक, नविल बैंक, ग्लोवल आईएमई बैंक, नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक, कुमारी बैंक, प्राइम कमर्सियल बैंक, प्रभु बैंक, प्रोग्रेसिभ फाइनान्स लि., कामना सेवा विकास बैंक तथा अन्य संगठित संस्थाहरुसँग लिएको ऋण रु.१,८७,५९,१६,१००।- मध्ये गत बर्षको रु.७३,०२,००,४५८।- मा रु.२३,२६,०१,४३५।- कमि भई नियमित तिर्न बाँकी रु.४९,७५,९९,०२३।- रहेको छ ।

## ५. निक्षेप तथा अन्य दायित्व

वित्तीय संस्थाले आफ्नो ग्राहक सदस्यहरुबाट विभिन्न शीर्षक अन्तर्गत संकलित निक्षेप गत वर्षको रु. ५७,६५,५३,६५७।- मा यस वर्ष २.९९ प्रतिशतले कमी भई रु.५५,९३,१३,६६०।- निक्षेप दायित्वमा रहेको छ ।

## ६. आयकर दायित्व

आयकर ऐन, २०५८ तथा संशोधित नियमहरुको व्यवस्था बमोजिम प्रस्तुत आर्थिक वर्ष २०७९/८० मा जम्मा रु. ८१,२६,८८३।- आयकर व्यवस्था गरिएको छ ।

## ७. अन्य दायित्व

वित्तीय संस्थाको विस्तृत हिसाबमा देखिएका अन्य दायित्वहरु अनुसूची ४.६ मा देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | कर्मचारी उपदान कोष | रु १,३८,००,३१८।- |
| २. | बिदा बापतको व्यबस्था | रु ७५,५७,७९२।- |
| ३. | कर्मचारी संचयकोष | रु ५०,३३,७८०।- |

| | | |
|---|---|---|
| ४. | कर्मचारी वोनस व्यवस्था | रु ०।- |
| ५. | निक्षेपमा भुक्तानी दिन बाँकी व्याज | रु २,६५,०२,९६३।- |
| ६. | सापटीमा भुक्तानी दिन बाँकी व्याज | रु १०,६५,१७३।- |
| ७. | सन्ड्री क्रेडिटर्स | रु ६,३४,३२६।- |
| ८. | कर्मचारी औषधी सुविधा कोष | रु ५८,२६,५९८।- |
| ९. | भुक्तानी गर्न बाँकी कर | रु ६,७६,५६७।- |
| १०. | अन्य सम्पत्तिको व्यवस्था | ३०,२७,९४९ |
| ११. | ग्रामीण कर्जा बीमा प्रिमियम | रु ९,६५,७९२।- |
| १२. | अन्य (दिनुपर्ने हिसाब) | रु १,२९,७२,६३८।- |
| | **जम्मा** | **रु. ७,८०,६३,८९७-** |

## ख) सम्पत्ति तर्फ

### १. नगद मौज्दात

गत वर्ष रु. ३५,९३,७४०।- नगद मौज्दात रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा संस्थाको केन्द्रीय कार्यालय र ३७ शाखा कार्यालयको जम्मा रु. ४१,५४,६०७- नगद मौज्दातमा रहेको छ ।

### २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात : छैन ।

### ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

गत वर्ष रु. ७,९१,३४,६८४।- बैंक तथा वित्तीय संस्थामा मौज्दात रहेको थियो भने यस आर्थिक वर्ष समाप्त हुँदा वित्तीय संस्थाको केन्द्रीय कार्यालय र ३७ शाखा कार्यालयहरुको जम्मा रु.११,६७,३६,०८१।- बैंक मौज्दातमा रहेको छ ।

### ४. माग तथा अल्पसूचनामा प्राप्त हुने मौज्दात : छैन ।

### ५. कर्जा सापट तथा बील खरिद

गत वर्ष रु. १,५९,७०,३५,३९८।- कर्जा सापटी रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा रु.३७,८५,२४,९७८।- ले कमी भई जम्मा रु. १,२१,८५,१०,४२०।- कर्जा सापटीमा रहेको छ ।

### ६. स्थिर सम्पत्ति

गत वर्ष रु. २,०७,८१,३६७- स्थिर सम्पत्ति रहेकोमा संस्थाको नाममा रहेको पाँचखाल स्थितको जग्गा विक्री भएको कारण यस आर्थिक वर्ष समाप्त हुँदा रु. १,३५,८५,७२२ घटी भई जम्मा रु. ७१,९५,६४६।- स्थिर सम्पत्ति रहेको छ ।

**७. गैर बैंकिङ्ग सम्पत्ति**

गैर बैंकिङ्ग सम्पत्ति संस्थामा हालसम्म नरहेको ।

**८. अन्य सम्पत्ति**

गत वर्ष रु. ३,४१,८२,३८३।- अन्य सम्पत्ति रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा रु. २०,५१,१७१।- ले घट्न गई जम्मा रु.३,२१,३१,२१२ अन्य सम्पत्ति रहेको छ ।

**ग) आम्दानी तर्फ**

**१. व्याज आम्दानी**

गत वर्ष रु. २०,९०,८६,३४०।- व्याज आम्दानी भएकोमा यस आर्थिक वर्षको आम्दानीमा ५.२३ प्रतिशत वृद्धि भई रु. २२,००,१३,७५२।- व्याज आम्दानी गर्न सफल भएको छ ।

**२. कमिशन तथा अन्य सञ्चालन आम्दानी**

गत वर्ष रु. २,१७,२३,०३०।- अन्य आम्दानी भएकोमा यस आर्थिक वर्ष समाप्त हुँदा ४०.२१% ले कमि भई जम्मा रु. १,२९,८७,९४१।- कमिशन तथा अन्य सञ्चालन आम्दानी भएको छ ।

**(घ) खर्च तर्फ**

**१. व्याज खर्च**

गत वर्ष रु. ९,१९,४२,६११।- व्याज खर्च रहेकोमा यस आर्थिक वर्ष समाप्त हुँदा ३९.५८ प्रतिशतले बृद्धि भई रु. १२,८३,३०,८२५।- विशेष तथा वाह्य ऋणमा व्याज खर्च भएको छ ।

**२. कर्मचारी खर्च**

गत वर्ष रु. ६,५७,३३,८६४।- कर्मचारी खर्च भएकोमा यस आर्थिक वर्षमा अधिकृत स्तरका अनुगमन अधिकृतहरु भर्ना गरिएको कारण २४.१८ प्रतिशतले बृद्धि भई रु.८,१६,२७,९७८।- खर्च भएको छ ।

**३. अन्य सञ्चालन खर्च**

गत वर्ष रु. २,२२,३७,११९।- सञ्चालन खर्च भएकोमा ६.४० प्रतिशतले बृद्धि भई यस आर्थिक वर्षमा रु. २,३६,६१,०२०।- खर्च भएको छ ।

### ४. सम्भावित नोक्सानी व्यवस्था खर्च

गत वर्ष रु. ५०,९३,२७८।- सम्भावित नोक्सानी व्यवस्थामा खर्च भएकोमा यस आर्थिक वर्षमा रु. ५,८८,९६,३९५।- खर्च भएको छ भने रु २,६९,७५,७८९।- कर्जा नोक्सानी व्यवस्था फिर्ता भएकोछ ।

## ङ) वित्तीय संस्थाको प्रमुख सुचकाङ्क

यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को कारोवारको आधारमा प्रमुख सुचकाङ्कको रुपमा खुद नाफा/कुल आम्दानी (२.०४) प्रतिशत, प्रति शेयर आम्दानी रु. (३.२७), प्रति शेयर बजार मूल्य रु. ९४९, मूल्य आम्दानी अनुपात (२८९.९४), व्याज आम्दानी / कर्जा तथा सापटी १४.७५%, कर्मचारी खर्च/कुल सञ्चालन खर्च ७७.५३, कुल निक्षेप/सापटी व्याज खर्च १०.८६, कर्मचारी बोनस/कुल कर्मचारी खर्च ०, खुद नाफा/कर्जा सापट (०.३९), खुद नाफा/कुल सम्पत्ति (०.३५), कुल कर्जा/निक्षेप २१७.८६, कुल सञ्चालन खर्च/कुल सम्पत्ति ७.७३, प्राथमिक पुँजी ११.५८, पुरक पुँजी १.६४, कुल पुँजी कोष १३.२२ र तरलता(CRR) ०.७४ प्रतिशत रहेको छ भने निष्क्रिय कर्जा/कुल कर्जा ९.३८ प्रतिशत, ब्याज दर अन्तर ३.९९५ प्रतिशत, बूक नेटवर्थ (प्रति शेयर) रु. १५०.६९ रहेको छ ।

## च) अन्य

### १. विप्रेषण सेवा

विदेशमा कार्यरत नेपालीहरुको संख्यामा वृद्धि भइरहेको र नेपाल तर्फ आउने विप्रेषण रकमलाई सेवा पुऱ्याउने उद्देश्यले वेस्टर्न युनियन, IME रेमिट, सिटी एक्स्प्रेस तथा हिमाल रेमिटसँग सम्झौता गरी ग्रामीण भेगका जनसमुदायलाई विप्रेषण सेवा दिँदै आएको छ ।

### २. सूचना प्रविधि

वित्तीय संस्थाले आफ्नो कारोवार नवीनतम प्रविधिलाई आत्मसाथ गरी वित्तीय संस्थाले प्रदान गर्ने सेवालाई छिटो, छरितो र स्तरोन्नति गर्ने उद्देश्यले यूरानस टेक नेपालसँग सम्झौता गरी शाखा कार्यालयहरुमा शतप्रतिशत सफ्टवेयर प्रणाली मार्फत् नियमित कारोवार सञ्चालनमा रहेको छ । साथै डाटा सेन्टरका लागि श्री क्लाउड हिमालयनसँग सम्झौता गरी क्लाउड सर्भिस लिईरहेको छ ।

### ३. वीमा संशाधन

जेखिम न्यूनीकरण गर्ने उद्देश्यले नेपाल रिलायवल इन्सुरेन्स कम्पनी, रिलायन्स इन्सुरेन्स कम्पनी र नेको इन्सुरेन्स कम्पनीसँग समन्वय गरी कर्जा तथा निक्षेप सम्बन्धी वीमा सेवा प्रदान गर्दै आइरहेको छ ।

**४. संस्थागत सुशासन**

वित्तीय संस्थाले नियमनकारी निकाय तथा कानुनको परिपालनाको निम्ति मात्र नभई आवश्यक पारदर्शिताका निम्ति सुशासनका आधारभूत पक्षहरु सुनिश्चित गर्न सञ्चालक समिति प्रतिवद्ध रहेको छ । सो सन्दर्भमा सञ्चालक समितिको निर्णय पद्धति र काम कारवाहीहरुलाई प्रचलित ऐन कानुन बमोजिम नै गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नीति निर्देशनहरु वित्तीय संस्थाले पूर्णरुपमा पालना गरिरहेको छ । त्यसै गरी आन्तरिक तथा वाह्य लेखा परीक्षकबाट दिइएको सल्लाह-सुझावहरुलाई पूर्ण सजगताका साथ कार्यान्वयन गरिएको छ । आन्तरिक तथा बाह्रय कारणहरुले गर्दा वित्तीय लगायत देशको अर्थतन्त्रको विभिन्न क्षेत्रहरुमा हुने अवसर, चुनौती र जोखिमहरुलाई सञ्चालक समितिले नजिकबाट नियाली रहेको छ र सोही बमोजिम समय समयमा व्यवस्थापनलाई सल्लाह तथा निर्देशन दिदै आएको छ । साथै यस आर्थिक बर्षमा संस्थाले सञ्चालक शिक्षा निर्देशिका, कर्मचारी दक्षता अभिबृद्धि निर्देशिका, आन्तरिक लेखापरीक्षण निर्देशिका, कर्मचारी सेवा विनियमावली, सम्पत्ति शुद्धिकरण अनुगमन कार्यविधि, नगद सञ्चालन निर्देशिका, कर्जा कार्यविधि, बचत तथा निक्षेप कार्यविधि, ग्राहक संरक्षणकोष कार्यविधि र संस्थागत सामाजिक उत्तरदायित्व कोष कार्यविधि बनाई लागु गरिएको छ ।

**५. सञ्चालक समिति**

वित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट ४ जना, सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना र स्वतन्त्र १ जना गरी कुल ७ जना सञ्चालकहरु छन् । जसमा अध्यक्ष, श्री नन्द कुमार महर्जन, सञ्चालकहरु क्रमशः श्री हिरालाल विश्वकर्मा, श्री राजेश्वर अधिकारी, श्री भुपेन्द्र गोपाल श्रेष्ठ, श्री नविन शर्मा, श्रीमती निर्मला नेपाल रहनु भएको छ र स्वतन्त्र सञ्चालकको रुपमा रहेका श्री बालकृष्ण शर्माज्यूको मिति २०८०/०२/२० गतेबाट समयावधि सकेकोले हाल स्वतन्त्र सञ्चालकको पद रिक्त रहेको छ । साथै, सञ्चालक समितिको बैठक विद्यमान ऐनको प्रावधान अनुरुप नियमित रुपमा बस्ने गरेको छ । समीक्षा अवधिमा सञ्चालक समितिको कुल २४ पटक बैठक बसेको छ ।

**अन्तमा**

हाम्रो प्रथम कर्तव्य वित्तीय संस्थाको विकास तथा लगानीलाई सुनिश्चितता प्रदान गरी ग्राहक सदस्यहरुको निक्षेप सुरक्षा गर्नु हो । हाम्रा शेयरधनी महानुभावहरुबाट प्राप्त निरन्तर सहयोग, समर्थन र प्रेरणाले हामीलाई लक्ष्य प्राप्तिमा अझ वढी टेवा पुग्ने विश्वास लिएका छौं ।

हामीलाई यस अवस्थामा पुर्‍याउन आदरणीय ग्राहक सदस्यहरु एवं इमान्दार कर्मचारीहरुको पहिलो भूमिका रहेको छ भने अर्को तर्फ यस वित्तीय संस्था प्रति निरन्तर रुपमा विश्वास गरी सौहार्दपूर्ण वातावरणमा कारोवार सञ्चालनमा योगदान पुर्‍याउँदै आउनु भएका सम्पूर्ण लगानीकर्ताहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

वित्तीय संस्थाको निरन्तर उन्नति एवं उत्तरोत्तर प्रगति र सम्बृद्धिका लागि अभिभावकको रुपमा मार्गदर्शन तथा सदा साथ दिनु हुने आदरणीय शेयरधनी महानुभावहरु तथा नियमनकारी निकायहरु क्रमशः नेपाल सरकार, स्थानीय सरकार, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा लक्ष्मी क्यापिटल लि. (शेयर रजिष्ट्रार), सिडिएस एण्ड क्लियरिङ्ग लि., विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, रिलाएन्स इन्स्योरेन्स, नेको इन्स्योरेन्स तथा रिलायवल लाइफ इन्स्योरेन्स कम्पनी, युरानस टेक नेपाल (प्रा.) लि. र नेपाल लघुवित्त बैंकर्स संघ, क्लाउड हिमालयन एवं वित्तीय संस्थाका महत्वपूर्ण अङ्गको रुपमा रहनुभएका सेवाग्राही सदस्यहरु, अन्य प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउँदै आउनु भएका हाम्रा सहयोगी सम्पूर्ण निकायहरु तथा संघ/संस्थाहरु प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै भविष्यमा पनि यसै गरी यहाँहरुको सहयोग र साथ पाइरहने विश्वास लिएका छौं ।

हाम्रो प्रमुख लक्ष्य भनेको ग्रामीण तथा दुरदराजका क्षेत्रमा रहेका विपन्न समुदायहरुको वित्तीय क्षेत्रमा पहुँच पुऱ्याई उनीहरुको गरिबी न्यूनीकरण गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउनु हो । यस कार्यमा क्रियाशील भई कडा परिश्रमका साथ ग्राहकहरुको सेवामा दत्त चित्त भएर लाग्नु हुने कर्मचारीहरुको परिश्रमको कदर गर्दै विशेष धन्यवाद दिन चाहन्छौं । साथै, वित्तीय संस्थाका लेखा परीक्षक, कानुनी सल्लाहकार एवं सम्पूर्ण शुभेच्छुकहरुलाई यस अवसरमा हार्दिक धन्यवाद दिन चाहन्छौं ।

धन्यवाद ।

२०८०/०९/२७ गते शुक्रवार

नन्द कुमार महर्जन
अध्यक्ष
सञ्चालक समितिको

माथि उल्लेखित तथ्याङ्कले समीक्षा अवधिमा वित्तीय संस्थाले प्रगतिको स्पष्ट झलक प्रदान गर्न सकेको छ भन्ने विश्वास लिएका छौं । बार्षिक आर्थिक विवरण सहित कम्पनी ऐन, २०६३ को दफा १०९, उपदफा ४ अनुसारको अतिरिक्त विवरण र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५ अनुसारको विवरणहरु जानकारीका लागि यसैसाथ संलग्न गरी यहाँहरु समक्ष प्रस्तुत गरेको छु ।

## कम्पनी ऐन, २०६३ को दफा - १०९ उपदफा -४ अनुसारको अतिरिक्त विवरण

**क) विगत बर्षको कारोवारको सिंहावलोकन**

आर्थिक बर्ष २०७९।८० को संक्षिप्त आर्थिक विवरण अगाडि नै प्रस्तुत गरिसकिएको छ ।

**ख) राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थिति र यसका प्रभावहरु**

कोभिड-१९ को प्रभावबाट सुस्ताएको विश्व अर्थतन्त्र र अन्तराष्ट्रिय जगतमा भएको द्वन्दका कारण देखिएको आर्थिक मन्दीको प्रभावबाट नेपाली अर्थतन्त्र पनि अछुतो रहन नसकेको यथार्थ रहेको छ । जसका कारण वित्तीय संस्थाहरुबाट लगानी भएका कर्जाहरुको असुली समेत प्रभावित भएको देखिन्छ । वित्तीय क्षेत्रमा तरलताको कारण कर्जा विस्तारमा देखापरेको संकुचन तथा सो को कारण बढ्दो रहेको कोषको लागत चुनौतिको रुपमा अगाडि आएको छ । त्यस माथि बिगत एक बर्ष देखिनै कथित लघुवित्त विरुद्ध संघर्ष समिति नामको अबैधानिक समूहले राष्ट्रको समग्र वित्तीय प्रणालीमा नै दिर्घकालिन रुपमा असर पार्ने नियतले लघुवित्त वित्तीय संस्थाहरु विरुद्ध नियमित रुपमा बिभिन्न किसिमका अबैधानिक गतिविधिहरु संचालन गरिरहेकोले कर्जा असुलिमा ठुलो समस्या सृजना भएको तथा कर्जाको गुणस्तरमा समेत ठुलो ह्रास आएको अवस्था रहेको छ ।

**ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु बर्षको उपलव्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा**

संस्थाको चालु आर्थिक वर्ष २०८०।८१ को संक्षिप्त बार्षिक कार्यक्रम तथा भविष्यमा गर्नुपर्ने कुराहरुको सम्बन्धमा सञ्चालक समितिको बार्षिक प्रतिवेदनमा प्रस्तुत गरिसकिएको छ ।

**घ) औद्योगिक तथा व्यावसायिक सम्बन्धमा**

यस संस्थाले सबै वित्तीय संस्थाहरुसँग व्यवसायिक रुपमा आफ्नो सम्बन्ध विस्तार गर्दै लानेछ । त्यसैगरि संस्थागत सुशासन, व्यवस्थापन तथा कर्मचारी विच सुमधुर सम्बन्ध कायम राख्न प्रतिवद्ध रहेको छ ।

**ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण**

यस वित्तीय संस्थाको सञ्चालक समितिमा समीक्षा अवधिमा निम्नानुसारका व्यक्तिहरु यथावत रहनु भएको छ ।

| क्र.सं. | नाम | पद | नियुक्ति मिति | कारण |
|---|---|---|---|---|
| १ | श्री नन्द कुमार महर्जन | अध्यक्ष | २०८०।०३।२२ | संस्थापक समूहबाट निर्वाचित |
| २ | श्री हिरालाल विश्वकर्मा | सञ्चालक | २०८०।०३।२२ | |
| ३ | श्री राजेश्वर अधिकारी | सञ्चालक | २०८०।०३।२२ | |
| ४ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ | सञ्चालक | २०८०।०३।२२ | |
| ५ | श्री नविन शर्मा | सञ्चालक | २०८०।०३।२२ | सर्वसाधारण समूहबाट निर्वाचित |
| ६ | श्री निर्मला नेपाल | सञ्चालक | २०८०।०३।२२ | |
| ७ | श्री बालकृष्ण शर्मा | स्वतन्त्र सञ्चालक | २०७६।०२।२० | मिति २०८०/०२/२० देखि समयावधि सकिसकेको |

## च) कारोवारलाई असर पार्ने मुख्य कुराहरु

देशको जटील राजनैतिक अस्थिरता र गतिरोध लगायत लघुवित्त विरुद्ध भईरहेका विभिन्न संघर्ष समितिको कृयाकलापहरुको प्रभावबाट व्यवसायीहरुमा परेको असरको कारण भविष्यमा देशको आर्थिक, मौद्रिक तथा वित्तीय नीति र वित्तीय प्रणाली तथा अर्थव्यवस्थामा हुने परिवर्तनले संस्थाको कार्यक्रमलाई समेत प्रभाव पर्ने हुनसक्छ ।

वित्तीय संस्थाको कारोवारलाई असर पार्ने मुख्य कुराहरु देहाय बमोजिम रहेका छन् -

१) ग्राहक सदस्य र लगानी तथा निष्क्रिय कर्जा
२) संस्थाको नीति, नियम र प्रक्रिया
३) पुँजी तथा दायित्व
४) आम्दानी तथा खर्च
५) जनशक्ति तथा व्यवस्थापन आदि ।

## छ) लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएको कैफियत उपर सञ्चालक समितिको प्रतिक्रिया

लेखा परीक्षक सि.ए. हुकुम पहाडीबाट प्रस्तुत प्रतिवेदन ठिक मनासिव रहेको बारे बैठकले नोट गरी तत्काल कैफियत सुधारको लागि व्यवस्थापनलाई समितिले निर्देशन दिएको छ । संस्थाको सर्वसाधारण तर्फका सञ्चालक श्री नविन शर्माको संयोजकत्वमा लेखा परीक्षण समिति गठन गरिएको छ । उक्त समितिको सदस्य सचिवमा आन्तरिक लेखा परीक्षण विभागको प्रमुख रहने व्यवस्था गरिएको छ । लेखा परीक्षण समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखा परीक्षण योजना र आन्तरिक लेखा परीक्षक तथा वाह्य लेखा परीक्षकले पेश गरेको लेखा परीक्षण प्रतिवेदनमा औंल्याएका कैफियतहरु उपर समीक्षा गरी सुधारात्मक कदम चाल्न व्यवस्थापनलाई सहयोग गर्ने, नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण गरी प्रतिवेदनमा औंल्याइएका निर्देशन तथा कैफियतहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा समीक्षा गर्ने तथा ती विषयहरुको अभिलेख गरी सञ्चालक समितिलाई जानकारी गराउने, वित्तीय संस्थाको वार्षिक विवरणहरु सही र यथार्थपरक समेत बनाउन व्यवस्थापनलाई सहयोग गर्नु यस समितिको कार्यहरु रहेको छ ।

**ज) लाभांश बाँडफाँड सम्बन्धमा**

आर्थिक वर्ष २०७९।८० को साधारण सभामा लाभांश वितरणका लागि प्रस्ताव नगरिएको छ ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्रि गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण**

हालसम्म नभएको ।

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**

यस वित्तीय संस्था अन्तर्गत सहायक कम्पनीको रुपमा कार्य गर्ने अन्य कुनै कम्पनी नभएको ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन**

यस वित्तीय संस्था अन्तर्गत सहायक कम्पनीको रुपमा कार्य गर्ने अन्य कुनै कम्पनी नभएको ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२ बमोजिम स्व: घोषणा बारे संस्थालाई जानकारी गराएको ।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी**

| क्र.सं. | नाम | शेयर प्रतिशत | २०८०।३।३१ सम्म कायम शेयर स्वामित्व (रु.) |
|---|---|---|---|
| १ | श्री नन्द कुमार महर्जन | २.५० प्रतिशत | ३६.३० लाख |
| २ | श्री हिरालाल विश्वकर्मा | ७.०० प्रतिशत | १०१.६४ लाख |
| ३ | श्री राजेश्वर अधिकारी | १.०० प्रतिशत | १४. ५२ लाख |
| ४ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ | ०.५० प्रतिशत | ७.२६ लाख |
| ५ | श्री नविन शर्मा | - | १५.९ हजार |
| ६ | श्री निर्मला नेपाल | - | १४.५ हजार |
| ७ | श्री बालकृष्ण शर्मा | छैन | छैन |

**ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा**

छैन ।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम**

छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण**

वित्तीय व्यवसायमा निहित जोखिमहरुलाई दृष्टिगत गर्दा सबल आन्तरिक नियन्त्रण प्रणाली हुनु अति आवश्यक हुन्छ । यस कुरामा वित्तीय संस्था सजग रहेको छ । यसर्थ वित्तीय संस्थाका सम्पूर्ण वित्तीय कारोवारहरुलाई कम्प्यूटर माध्यमबाट सञ्चालन गर्ने गरी श्री यूरानस टेक नेपालको सफ्टवेयर प्रयोग गर्ने गरेको र सफ्टवेयरको बेला बेला स्तरोन्नति गर्ने व्यवस्था मिलाईएको छ । सञ्चालक समितिले पारित गरेको नीति, नियम र नेपाल राष्ट्र बैंकबाट जारी बैंक तथा वित्तीय संस्था सम्बन्धी निर्देशनहरु र देशको अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम हुने गरी आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरिएको छ । वित्तीय संस्थाको गैह्र कार्यकारी सञ्चालकको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति गठन गरिएको छ यसैगरी आन्तरिक लेखा परीक्षण विभागको व्यवस्था गरिएको छ । उक्त विभागले नियमित रुपमा कारोवारहरुको अनुगमन तथा लेखा परीक्षण गर्ने प्रणालीको विकास गरेको छ । त्यस्तै, आजको प्रतिस्पर्धात्मक युगमा संस्थाको प्रगतिमा मानव संशाधनको महत्वपूर्ण भूमिका रहने कुरा प्रति वित्तीय संस्था सचेत र सजग भई मानव संशाधनको व्यावसायिक शीप अभिवृद्धि गर्ने र समयानुकुल व्यवस्थित गर्न गैह्र कार्यकारी सञ्चालकको संयोजकत्वमा एक कर्मचारी सेवा सुविधा सम्बन्धी समिति गठन गरिएको छ ।

**थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण**

| | | |
|---|---|---|
| १ | कर्मचारी तलव भत्ता खर्च | रु. ८,१६,२७,९७८।- |
| २ | अन्य सञ्चालन खर्च | रु. २,३६,६१,०२०।- |
| ३ | कर्मचारी बोनस व्यवस्था | रु. ०।- |
| | जम्मा | रु. १०,५२,८८,९९८।- |

**द) लेखा परीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण**

लेखा परीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेका काम कारवाहीको विवरण र सो समितिले दिएको सुझावहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | समितिका पदाधिकारीको नाम र पद | भत्ता तथा सुविधा रु. | समितिले गरेको काम कारवाहीको विवरण | समितिले दिएको सुझाव |
|---|---|---|---|---|
| १ | श्री नविन शर्मा | ६७,५००।- | आन्तरिक लेखा परीक्षण कार्य प्रगति उपर निर्देशनहरु तयारी तथा शाखाहरुको आन्तरिक लेखा परीक्षण तथा सुधारको लागि सुझाव । | |
| २ | श्री बालकृष्ण शर्मा | ५४,५००।- | | |

**ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा**

नभएको

**न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम**

| क्र.सं. | नाम | पद | भत्ता रु. (कर सहित) |
|---|---|---|---|
| १ | श्री नन्द कुमार महर्जन | अध्यक्ष | १,२०,०००।- |
| २ | श्री हिरालाल विश्वकर्मा | सञ्चालक | ९९,०००।- |
| ३ | श्री राजेश्वर अधिकारी | सञ्चालक | १,०८,०००।- |
| ४ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ | सञ्चालक | ९९,०००।- |
| ५ | श्री नविन शर्मा | सञ्चालक | १,०८,०००।- |
| ६ | श्री निर्मला नेपाल | सञ्चालक | ९४,५००।- |
| ७ | श्री बालकृष्ण शर्मा | स्वतन्त्र सञ्चालक | ८१,०००।- |
| | जम्मा | | ७,०९,५००।- |

पद :- प्रमुख कार्यकारी अधिकृत

| क्र. सं. | नाम | पद | पारिश्रमिक बार्षिक (कर सहित) | दशैं भत्ता | कर्मचारी औषधीकोष | स्वेच्छिक अवकास (VRS) सुविधा बापत | अन्य सुविधा |
|---|---|---|---|---|---|---|---|
| १ | निर्मल कुमार कार्की | प्रमुख कार्यकारी अधिकृत | रु.१९,८९,६८७.५०।- | रु.१,७०,०००।- | रु.५०,०२७।- | रु.१८,७०,०००।- | सवारी साधन तथा ईन्धन वास्तविक खर्च अनुसार सुविधा प्रदान गरिएको छ । |

**प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम**

छैन ।

**फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री गरको कुराको विवरण**

यस वित्तीय संस्थाको नाममा रहेको काभ्रेपलाञ्चोक जिल्ला, पाँचखाल नगरपालिका, वडा नं.३ ( साविक पाँचखाल गाविस, वडा नं.५) स्थित कित्ता नम्बर १६७४ को क्षेत्रफल ७-११-२-१ रोपनी र कित्ता नम्बर १६७५ को क्षेत्रफल ८-०-०-० रोपनी गरी जम्मा क्षेत्रफल १५-११-२-१ रोपनी जग्गा नियामक निकायको निर्देशन अनुसार बिक्री गर्नका लागि मिति २०७९।०१।२१ गते जग्गा बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान गर्ने सूचना प्रकाशन गरी आवश्यक प्रक्रिया पुरा गरी जग्गाको किताबी मूल्य रु १,३०,८४,१२०।- रहेकोमा जम्मा रु ३,९७,९६,३२७- मूल्यमा बिक्रि वितरण गरिएको छ ।

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी वीच भएको कारोबारको विवरण**

कम्पनीको चुक्ता पुँजी ५ प्रतिशत भन्दा बढी शेयर लिने व्यक्तिहरुको विवरण

| क्र.सं. | नाम | शेयर कित्ता संख्या | रकम (रु.) |
|---|---|---|---|
| १ | श्री नेपाल महिला उत्थान केन्द्र | २५ प्रतिशत | ३ करोड ६३ लाख |
| २ | श्री एनएमवि क्यापिटल लिमिटेड | ११ प्रतिशत | १ करोड ५९ लाख ७२ हजार |
| ३ | श्री हिरालाल विश्वकर्मा | ७ प्रतिशत | १ करोड १ लाख ६४ हजार |

**भ) यस ऐन तथा प्रचलित कानुनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा**

नभएको ।

**म) अन्य आवश्यक कुराहरु**

**बाह्य ऋणको अवस्था**

| क्र. सं. | बैंकको नाम | लिएको ऋण रकम | तिरेको रकम | तिर्न बाँकी रु. (नियमित) | तिर्न बाँकी व्याज |
|---|---|---|---|---|---|
| १ | श्री बैंक अफ काठमाण्डु लि. | १७,१०,००,०००।- | १७,१०,००,०००।- | ० | |
| २ | श्री एनएमवि बैंक लि. | १८,६४,५०,०००।- | १८,६४,५०,०००।- | ० | |
| ३ | श्री नेपाल एसविआई बैंक लि. | ८,००,००,०००।- | ६,६८,९६,९८९.०७ | १,३१,०३,०१०.९३ | |
| ४ | श्री माछापुच्छे बैंक लि. | ११,००,००,०००।- | ६,६०,००,०००।- | ४,४०,००,०००।- | |
| ५ | श्री नविल बैंक लि. | १६,००,००,०००।- | १२,१०,००,०००।- | ३,९०,००,०००।- | |
| ६ | श्री फस्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक लि. | १४,००,००,०००।- | १४,००,००,०००।- | ० | |
| ७ | श्री सानिमा बैंक लि. | ३,००,००,०००।- | ३,००,००,०००।- | ० | |
| ८ | श्री ग्लोवल आईएमई बैंक लि. | १७,००,००,०००।- | १०,२४,५९,७९०.८०।- | ६,७५,४०,२०९.२०।- | |
| ९ | एनआइसी एशिया बैंक लि. | १८,००,००,०००।- | १८,००,००,०००।- | ०- | |
| १० | नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि. | ७,००,००,०००।- | ६,६१,९०,४७६.१० | ३८,०९,५२३.९० | छैन । |

| क्र. सं. | बैंकको नाम | लिएको ऋण रकम | तिरेको रकम | तिर्न बाँकी रु. (नियमित) | तिर्न बाँकी व्याज |
|---|---|---|---|---|---|
| ११ | प्रभु बैंक लि. | ५,००,००,०००।- | ५,००,००,०००।- | ० | |
| १२ | सिभिल बैंक लि. | २०,१६,१००।- | २०,१६,१००।- | ० | |
| १३ | प्रभु बैंक लि. | ५,००,००,०००।- | १,२६,७२,७४७.५३ | ३,७३,२७,२५२.४७ | |
| १४ | कुमारी बैंक लि. | १०,००,००,०००।- | १,००,००,०००।- | ९,००,००,०००।- | |
| १५ | आर एम डि सि | ४,६४,५०,०००।- | ४,६४,५०,०००।- | ० | |
| १६ | प्रोग्रेसिभ फाइनान्स लि. | १०,००,००,०००।- | ६,७९,५१,४१६.३९ | ३,२०,४८,५८३.६१ | |
| १७ | प्राइम कमर्सियल बैंक लि. | १०,००,००,०००।- | ० | १०,००,००,०००।- | |
| १८ | राष्ट्रिय वाणिज्य बैंक लि. | ९,५०,००,०००।- | ३,९५,००,०००।- | ५,५५,००,०००।- | |
| १९ | कामना सेवा विकास वैंक लि. | ५,००,००,०००।- | ३,४७,२९,५५६.७१ | १,५२,७०,४४३.२९।- | |
| | **जम्मा रु.** | **१,८९,०९,१६,१००।** | **१३९३३१७०७६.६०** | **४९,७५,९९,०२३.४०** | |

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १५
# (नियम २६ को उपनियम (२) सँग सम्बन्धित)

## १. सञ्चालक समितिको प्रतिवेदन

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ।

## २. लेखा परीक्षकको प्रतिवेदन

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ।

## ३. लेखा परीक्षण भएको वित्तीय विवरण

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ।

## ४. कानुनी कारवाही सम्बन्धी विवरण

क) गत आर्थिक वर्षको अवधीमा यस वित्तीय संस्थाले वा संस्था विरुद्ध कुनै मुद्दा दायर भएको भए -

संस्थाको जानकारीमा नभएको।

ख) यस संस्थाको संस्थापक वा सञ्चालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए -

संस्थाको जानकारीमा नभएको।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए -

संस्थाको जानकारीमा नभएको।

## ५. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

**क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा** नेपाल धितोपत्र बोर्डको रेखदेखमा धितोपत्र बजारमा खुल्ला बजारले निर्धारण गरे अनुरुप कारोवार हुने हुँदा वित्तीय संस्थाको व्यवस्थापन तटस्थ छ।

**ख) गत बर्षको प्रत्येक त्रैमासिक अवधिमा संगठित संस्थाको शेयरको अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कुल कारोवार शेयर संख्या र कारोवार दिन**

गत आर्थिक बर्षमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्यका साथै, कुल कारोवार शेयर संख्या र कारोवार भएको दिनको विवरण (नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट अनुसार) निम्न बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | २०७९ असोज मसान्त | २०७९ पुस मसान्त | २०७९ चैत मसान्त | २०८० असार मसान्त |
|---|---|---|---|---|---|
| १ | अधिकतम मूल्य रु./कित्ता | १७४०।- | १,४०२।- | १३,४०।१० | १,१३०।- |
| २ | न्यूनतम मूल्य रु./कित्ता | ११७६।- | १,०८९।- | ८३३।१० | ७२८।- |
| ३ | अन्तिम मूल्य रु./कित्ता | १२६६।- | १,३६६।९० | ९२५।७० | ९४९।- |
| ४ | कारोवार संख्या | ३३९५८ | १६,१२१ | २५,१२७ | ३१,०९६ |
| ५ | कारोवार भएको दिन | ६५ | २८ | ५६ | ६२ |

## ६. समस्या तथा चुनौतीहरु

यसै बार्षिक प्रतिवेदनमा समावेश गरिएको छ ।

## ७. संस्थागत सुशासन

बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ एवं नियमनकारी निकाय नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडसँग सम्बन्धित ऐन कानुनहरु तथा सम्बन्धित निकायहरुद्वारा जारी गरिएका निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा परिपालना गरिएको छ । वित्तीय संस्थाले संस्थागत सुशासनलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न लेखापरीक्षण समिति गठन गरिएको छ । आन्तरिक लेखापरीक्षण तथा वाह्य लेखापरीक्षणबाट प्राप्त सुझाव तथा निर्देशनलाई पालना गराउनुका साथै आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउन व्यवस्थापनलाई सल्लाह र सुझाव दिंदै आएको छ ।

वित्तीय संस्थाको कर्जा जोखिम तथा सञ्चालन जोखिम, कर्मचारी व्यवस्थापन लगायतका विषयहरुमा आवश्यक छलफल तथा निर्णय गर्न जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति रहेका छन् ।

संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजम)

| | |
|---|---|
| सूचीकृत सङ्गठित सस्थाको नाम | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड |
| ठेगाना इमेल र वेभसाइट सहित | info@slbsl.com.np, www.slbsl.com.np |
| फोन नं. - | ०११-६६२२५१/६६०४५२ |
| प्रतिवेदन पेश गरिएको आ.व. | २०७९/०८० |

**१. सञ्चालक समिति सम्बन्धी विवरण**

(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति : श्री नन्द कुमार महर्जन (नियुक्ती मिति २०७५/१२/२४, प्रथम कार्यकाल) र (मिति २०८०/०३/२२, दोश्रो कार्यकाल)

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य):

| क.सं. | शेयर संरचना | स्वामित्व प्रतिशत |
|---|---|---|
| १. | संस्थापक | ७० प्रतिशत |
| २. | सर्वसाधारण | ३० प्रतिशत |

(ग) संचालक समिति सम्बन्धी विवरण :

| क्र. सं. | सञ्चालकहको नाम तथा ठेगाना | प्रतिनिधित्व भएको समुह | शेयर सख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरीका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री नन्द कुमार महर्जन, ललितपुर | संस्थापक | ३६,३०० | २०८०/०३/२२ | २०८०/०३/२७ | निर्वाचन (दोश्रो कार्यकाल) |
| २ | श्री हिरालाल विश्वकर्मा, पाल्पा | संस्थापक | १०१,६४० | २०८०/०३/२२ | २०८०/०३/२९ | निर्वाचन (दोश्रो कार्यकाल) |
| ३ | श्री राजेश्वर अधिकारी, गोरखा | संस्थापक | १४,५२० | २०८०/०३/२२ | २०८०/०३/२९ | निर्वाचन (दोश्रो कार्यकाल) |
| ४ | श्री भुपेन्द्र गोपाल श्रेष्ठ, ललितपुर | संस्थापक | ७,२६० | २०८०/०३/२२ | २०८०/०३/२९ | निर्वाचन (दोश्रो कार्यकाल) |
| ५ | श्री नविन शर्मा, मोरङ्ग | सर्वसाधारण | १५९ | २०८०/०३/२२ | २०८०/०३/२९ | निर्वाचन (दोश्रो कार्यकाल) |
| ६ | श्री निर्मला नेपाल, भक्तपुर | सर्वसाधारण | १४५ | २०८०/०३/२२ | २०८०/०३/२९ | निर्वाचन (दोश्रो कार्यकाल) |
| मिति २०८०/०३/२२ मा सम्पन्न भएको नवौं वार्षिक साधारण सभामा निर्वाचनको माध्यमवाट साविककै सञ्चालक समितिका सदस्यहरु नियुक्त भएको सम्वन्धमा मिति २०८०/०३/२२ मा नै जानकारी गराईको | | | | | | |

नोट : पछिल्लो साधारण सभा पछि सञ्चालकहरु नियुक्ति भए सो सम्बन्धि जानकारी र सो सम्बन्धमा बोर्डलाई जानकारी गराएको मिति समेत छुट्टै उल्लेख गर्नुपर्ने ।

(घ) सञ्चालक समितिको बैठक

सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण :

| क्र. सं. | यस आ.व.मा बसेको सञ्चालक समितिको बैठक र मिति | | उपस्थित सञ्चालकका संख्या | वैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको वैठक र मिति | |
|---|---|---|---|---|---|---|
| | बैठक संख्या | मिति | | | बैठक संख्या | मिति |
| १ | १९६ | २०७९/०४/१२ | ६ | | १७१ | २०७८/०४/०६ |
| २ | १९७ | २०७९/०४/२५ | ६ | | १७२ | २०७८/०४/२७ |
| ३ | १९८ | २०७९/०५/०७ | ५ | | १७३ | २०७८/०४/२९ |
| ४ | १९९ | २०७९/०६/०६ | ७ | | १७४ | २०७८/०५/१८ |
| ५ | २०० | २०७९/०७/०६ | ७ | | १७५ | २०७८/०५/२४ |
| ६ | २०१ | २०७९/०८/१५ | ७ | | १७६ | २०७८/०६/०८ |
| ७ | २०२ | २०७९/०८/२९ | ७ | | १७७ | २०७८/०६/२२ |
| ८ | २०३ | २०७९/०९/१४ | ६ | | १७८ | २०७८/०७/१० |
| ९ | २०४ | २०७९/०९/२७ | ७ | | १७९ | २०७८/०८/१३ |
| १० | २०५ | २०७९/१०/१० | ७ | | १८० | २०७८/०८/२२ |
| ११ | २०६ | २०७९/१०/२८ | ६ | | १८१ | २०७८/०९/०७ |
| १२ | २०७ | २०७९/११/०९ | ७ | | १८२ | २०७८/०९/१४ |
| १३ | २०८ | २०७९/११/२० | ७ | | १८३ | २०७८/१०/११ |
| १४ | २०९ | २०७९/१२/१४ | ७ | | १८४ | २०७८/१०/२७ |
| १५ | २१० | २०७९/१२/२५ | ७ | | १८५ | २०७८/११/२५ |
| १६ | २११ | २०८०/०१/१९ | ७ | | १८६ | २०७८/१२/१५ |
| १७ | २१२ | २०८०/०२/०५ | ७ | | १८७ | २०७९/०१/१२ |
| १८ | २१३ | २०८०/०२/१९ | ६ | | १८८ | २०७९/०१/२६ |
| १९ | २१४ | २०८०/०२/३० | ६ | | १८९ | २०७९/०२/०५ |
| २० | २१५ | २०८०/०२/३२ | ६ | | १९० | २०७९/०२/२६ |
| २१ | २१६ | २०८०/०३/०७ | ६ | | १९१ | २०७९/०२/३१ |
| २२ | २१७ | २०८०/०३/१७ | ६ | | १९२ | २०७९/०३/१२ |
| २३ | २१८ | २०८०/०३/२५ | ६ | | १९३ | २०७९/०३/२० |
| २४ | २१९ | २०८०/०३/२९ | ६ | | १९४ | २०७९/०३/२५ |
| २५ | | | | | १९५ | २०७९/०३/३० |

कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण: **नभएको ।**

सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए-नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने): | बैकल्पिक सञ्चालक नभएको, यस आर्थिक बर्षको सञ्चालक समिति बैठकमा मिति २०७९/०४/१२ र २०७९/०९/१४ मा सञ्चालक हिरालाल विश्वकर्मा व्यक्तिगत कारणले उपस्थित नभएको, मिति २०७९/०४/२५, २०७९/०५/०७ र २०७९/१०/२८ मा निर्मला नेपाल व्यक्तिगत कारणले उपस्थित नभएको साथै मिति २०७९/०५/०७ र २०८०/०२/१९ मा भुपेन्द्र गोपाल श्रेष्ठ व्यक्तिगत कारणले उपस्थित हुन नसकेको । |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको: | राखेको छ । |
| सञ्चालक समितिको दुई लगातार बसेको वैठकको अधिकतम अन्तर (दिनमा) : | ३० दिनसम्म । |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति: | २०७६/०९/११ मा भएको छैठौ वार्षिक साधारणसभामा निर्णय भई मिति २०७८/०८/०२ मा कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृति प्राप्त भए पश्चात । |
| सञ्चालक समितिको प्रति वैठक भत्ता ? | अध्यक्षको ५०००।- तथा सञ्चालकको प्रति बैठक भत्ता रु ४५००/- |
| आ.व.को सञ्चालक समितिको कुल वैठक खर्च ? | रु ९,१६,५००।- |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको : | ने.रा.बैंकको निर्देशन बमोजिम कार्यान्वयन भएको । सञ्चालक शिक्षा कार्यविधि, २०७९ मा व्यवस्थित गरेको । |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण : | नभएको । |
| सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजगी कार्यक्रम सम्बन्धी विववरण : | यस वर्ष नभएको चाँडै गरिने योजनामा रहेको । |
| ■ प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण:<br><br>■ संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण : | ■ सवै सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन हुँदा देहायका कुराहरु नियमानुसार लिखित रुपमा जानकारी गराएको ।<br><br>■ त्यस प्रकारको करार नगरेको । |

| | |
|---|---|
| ■ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण : | ■ नभएको । |
| ■ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण : | ■ नभएको । |
| ■ निजको एकाघरको परिवारको कुनै सदस्य पदाकाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण | ■ नभएको । |
| ■ सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरणः | ■ नभएको । |
| ■ सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरणः | ■ नभएको । |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारणः
जोखिम व्यवस्थापनको लागि एक गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा जोखिम व्यवस्थापन समितिको गठन भएको छ ।

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारीः
(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)
निम्नानुसार जोखिम व्यवस्थापन समितिको गठन भएको छ ।

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १. | राजेश्वर अधिकारी (सञ्चालक) | संयोजक |
| २. | नविन शर्मा (सञ्चालक) | पदेन सदस्य (लेखा समितिको तर्फबाट) |
| ३. | सुमन दनुवार (नायब व्यवस्थापक) | सदस्य |
| ४. | देवचन्द्र राय (नायव व्यवस्थापक) हाल सेवामा नभएको । | सदस्य सचिव |

(आ) समितिको बैठक संख्या
आ.व.२०७८/७९ मा जोखिम व्यवस्थापन समितिको बैठक संख्या जम्मा ५ वटा रहेको छ । (बैठक नम्बर २१ देखि २५ सम्म)

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण :

- विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिमा जानकारी गराउने ।
- जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गर्ने ।
- जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के-कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गरी सञ्चालक समितिमा आवश्यक पेश गर्ने ।
- जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले

निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने ।

- पुँजीको पर्याप्तता तथा तरलता पर्याप्तता सम्बन्धमा नियमित छलफल गर्ने तथा सुझाब गर्ने सम्पत्ती दायित्व समितिबाट भएको कार्यहरुको विश्लेषण र समीक्षा गरी समितिमा पेश गर्ने ।
- संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरहरुको निराकरण सम्वन्धमा अवलम्वन गर्नुपर्ने आवश्यक नीति निर्माणमा सुझाव पेश गर्ने ।

(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको :

आन्तरिक नियन्त्रण कार्यविधि अन्तर्गत देहायका कार्यविधिहरु मार्फत आन्तरिक नियन्त्रणको प्रणाली कायम गरिएको छ ।

१. लघुवित्त कार्यक्रम व्यवस्थापन संशोधित कार्यविधी, २०७२
२. आन्तरिक लेखापरीक्षण निर्देशिका, संशोधन-२०७४
३. सम्पत्ति शुद्धिकरण अनुगमन कार्यविधि, २०७७
४. आर्थिक प्रशासन विनियमावली, २०७०

(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको, गठन नभएको भए सोको कारण:

आन्तरिक नियन्त्रण प्रणालीको लागि छुट्टै समिति गठन नभएको । नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन वमोजिम लेखा परीक्षण समिति गठन गरी आन्तरीक लेखा परीक्षण विभाग मार्फत आन्तरिक नियन्त्रण कायम गरिएको छ ।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण: नभएको

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)
(आ) समितिको बैठक संख्या
(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण

(च) आर्थिक प्रशासन विनियमावली भए/नभएको :

आर्थिक प्रशासन विनियमावली, २०७० भएको ।

## ४. सुचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण

(क) संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरण:

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| बार्षिक साधारण सभाको सूचना | राष्ट्रिय दैनिक पत्रिका-अन्नपूर्ण | २०८०/०३/०१ (आ.व २०७८/७९) |
| विशेष साधारण सभाको सूचना | राष्ट्रिय दैनिक पत्रिका-अन्नपूर्ण | २०८०/०६/१५ |
| बार्षिक प्रतिवेदन | वेवसाईड तथा पुस्तिका छपाई | २०८०/०३/१४ |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय दैनिक पत्रीका:<br>आर्थिक अभियान दैनिक<br>नयाँ पत्रिका<br>नयाँ पत्रिका<br>आर्थिक अभियान दैनिक | <br>प्रथम त्रैमासिक २०७९/०७/३०<br>दोस्रो त्रैमासिक २०७९/१०/२९<br>तेस्रो त्रैमासिक २०८०/०१/३०<br>चौथो त्रैमासिक २०८०/०४/२८ |

| | | |
|---|---|---|
| धितोपत्रको मुख्य प्रभाव पार्ने मुख्य संवेदनशील सूचना | अनलाईन अपलोड errs.sebon.gov.np र nots.com.np तथा पत्राचार मार्फत् | |
| अन्य | - | - |

(ख) सुचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी : नभएको ।

(ग) पछिल्लो बार्षिक तथा विशेष साधारण सभा सन्पन्न भएको मिति :
मिति २०८०/०३/२२ गते शुक्रवार गते नवौ वार्षिक साधारण सभा सम्पन्न भएको ।
मिति २०८०/०६/३० गते मंगलवार गते मर्जर सम्वन्धमा विशेष साधारण सभा सम्पन्न भएको ।

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

(क) कर्मचारीहरुको संरचना, पदपूर्ति, वृत्ति विकाश, तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको:

☞ कर्मचारीहरुको संरचना, पदपूर्ति वृति विकाश, तालिम, तलब, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा विनियमावली, २०७० को व्यवस्था भएको छ ।

(ख) सांगठनीक संरचना संलग्न गर्ने :

**सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**सांगठनिक संरचना**



(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :

| क्र. सं. | नाम | पद | शैक्षिक योग्यता | अनुभव तथा अन्य संघ/संस्थामा संलग्नता |
|---|---|---|---|---|
| १ | निर्मल कुमार कार्की (हाल कार्यरतमा नभएको) | प्रमुख कार्यकारी अधिकृत | एम. बि. ए. | नेपाल राष्ट्र बैंकमा विभिन्न विभागहरुमा ३० बर्षको कार्य अनुभव । |
| २ | बेलुमाया मगर (हाल निमित्त प्रमुख कार्यकारी अधिकृत) | नायब प्रमुख कार्यकारी अधिकृत | एम. ए. (समाजशास्त्र) | लघुवित्त सञ्चालन तथा नियन्त्रण तर्फ २२ बर्षको अनुभव । |
| ३ | सुमन महर्जन | व्यबस्थापक | एम.बि.एस (व्यवस्थापन) | लघुबित्त सञ्चालन तथा व्यवस्थापन सम्बन्धि १७ बर्षको अनुभव । |
| ४ | सुमन दनुवार | व्यबस्थापक | एम ए (ग्रामिण बिकास), बि.ए. (समाजशास्त्र) | लघुबित्त सञ्चालन तथा व्यवस्थापन सम्बन्धी १८ बर्षको अनुभव । |
| ५. | देवचन्द्र राय (हाल कार्यरतमा नभएको) | नायव व्यवस्थापक | बि.ए. मानविकी र समाजशास्त्र | लघुवित्त क्षेत्रमा १६ बर्षको अनुभव । |

(घ) कर्मचारी सम्बन्धी अन्य विवरण

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ति गर्ने गरे/नगरेको : | गर्ने गरेको । |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया : | कर्मचारी विनियमावलीमा भएको व्यवस्था वमोजिमको प्रक्रिया पुरा गरेको । |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्याः | ५ |
| कुल कर्मचारीको संख्याः | १५२ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको : | कार्यविधि रहेको । |
| आ.व.मा कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको संख्याः | कर्मचारीलाई दिइएको तालिम संख्या ६ तालिममा सम्मिलित कर्मचारीको संख्या १०९ |
| आ. व. को कर्मचारी तालिम खर्च : | १७,०३,५२० |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | ३०.७४% |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालीम खर्चको प्रतिशत : | २.०८७% |

## ६. संस्थाको लेखा तथा लेखा परीक्षण सम्बन्धी विवरण

### (क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ. व. को वित्तिय विवरण NFRS अनुसार तयार गरे/ नगरेको, नगरेको भए सोको कारण : | यस वित्तीय संस्थालाई NFRS वमोजिम अनिवार्य रुपमा वित्तीय विवरण तयार गर्न निर्देशन नभएकोले नगरिएको । |
| सञ्चालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति : | मिति : २०८०/०८/२५ |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | प्रथम त्रैमासिक २०७९/०७/३०<br>दोस्रो त्रैमासिक २०७९/१०/२९<br>तेस्रो त्रैमासिक २०८०/०१/३०<br>चौथो त्रैमासिक २०८०/०४/२८ |
| अन्तिम लेखापरिक्षण सम्पन्न भएको मिति : | मिति : २०८०/०८/२५ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति : | मिति : २०८०/०९/२७ |
| संस्थाको आन्तरिक लेखा परीक्षण सम्बन्धी विवरण :<br>(अ) आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको<br>(आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण<br>(इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक, चौमासिक वा अर्धबार्षिक) | अ. आन्तरिक रुपमा लेखा परीक्षण गर्ने गरिएको छ ।<br>आ. आ.व. २०७९/८० मा वाह्य विज्ञ नियुक्त गरिएको छैन ।<br>इ. आन्तरिक लेखापरीक्षण अर्धवार्षिक अवधिमा गर्ने गरिएको छ । |

## (ख) लेखापरीक्षण समिति सम्बन्धी विवरण

| | |
|---|---|
| संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता : | १. नविन शर्मा (सञ्चालक) - संयोजक<br>२. बालकृष्ण शर्मा (स्वतन्त्र सञ्चालक) - सदस्य (हाल पदावधि सकिएको)<br>३. राजु घिमिरे (नायव व्यवस्थापक) - सदस्य सचिव |
| वैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या : | आ.व.२०७९/८० मा बैठक नम्बर ४८ देखि ६२ सम्म गरी जम्मा १५ वटा बैठक बसेको छ । उपस्थित सदस्य संख्या ३ जना । |
| प्रति वैठक भत्ता रु. : | प्रति वैठक भत्ता रु. ४५००।- (आ.व. २०७९/८० मा) |
| लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गरेको मितिः | मिति २०७९/११/१९ |

## ७. अन्य विवरण

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैङ्क तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिए/ नलिएको | नलिएको । |
| प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सूचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको । | नगरेको । |
| नियमकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | नियमकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भएको छ । |
| नियमकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको | नियमकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भएको छ भने केही कार्यान्वयनको चरणमा रहेका छन । |
| संस्था वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण | संस्था वा सचालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको छैन। |

परिपालन अधिकृतको नाम : शंकर गुरुङ
पद : अधिकृत तथा कम्पनी सचिव
मिति : २०८०/०९/२७

# H. Pahadi & Associates
## Chartered Accountants

**सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको**
**स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन**

**१. वित्तीय विवरण माथि लेखापरिक्षकको राय**

हामीले सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको लेखापरीक्षण सम्पन्न गरेका छौं जसमा आषाढ ३१, २०८० को वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब, नगदप्रवाह विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण र प्रमूख लेखानीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण समावेश रहेका छन् र वित्तीय विवरणहरु व्यवस्थापनले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरेको छ ।

प्रतिदावी रायको आधारमा हरफमा उल्लेखित कूराहरुको महत्वले, हामीले प्रस्तुत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान अनूरुप तयार भएको बारेमा राय व्यक्त गर्नका लागि पर्याप्त र उपयुक्त आधार आधार प्राप्त गर्न सकेनौं ।

**प्रतिदावी राय**

प्रतिदावी रायको आधारमा हरफमा उल्लेखित कूराहरुको महत्व र परिवर्तित प्रतिवेदन मानहरु (NFRS) पहिलो पटक ग्रहण गर्दा चाहिने वित्तीय सूचनाको पूर्नलेखन र थप खुलासा यस लघुवित्तमा पालना नगरिएकोले यसबाट पर्न सक्ने एकीकृत असरको बारेमा लेखापरीक्षणको सिलसिलामा हामीले पर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकाले, हामी यस संस्थाको आ.व. २०७९/८० को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तुत गर्दैनौ ।

**२. रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको *"वित्तीय विवरणहरु प्रति लेखापरिक्षकको जिम्मेवारी"* शीर्षक अर्न्तगत उल्लेख गरेका छौं । संस्थाको लेखापरिक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरिक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरिक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

**प्रतिदावी रायको आधार**

वित्तीय संस्थाहरुमा वित्तीय सम्प्रेषण खाका १६ जुलाई २०१६ देखि प्रभावकारी रुपमा लागू भएको छ । नेपाल लेखामान नेपाल वित्तीय प्रतिवेदन मानहरु (NFRS) मा परिर्वतन भएका तर यस वित्तीय संस्थाले आफ्ना वित्तीय विवरणहरु परिवर्तित प्रतिवेदन मानहरु (NFRS) बमोजिम तयार नगरेको साथै नयाँ लेखा सिद्धान्त अनुरुप चाहिने वित्तीय सूचनाको पहिचान, यसको पुनर्लेखन, प्रस्तुती र खुलासा पनि गरेको पाईएन ।

उल्लेखित परिवर्तित प्रतिवेदन मानहरु अनुसारको वित्तीय सूचनाको पुनर्लेखन, प्रस्तुती र खुलासा सम्प्रेषण नगरिएकाले यसको एकीकृत असर अनिश्चित र सारभूत तथा व्यापक हुनसक्छ ।

H. Pahadi & Associates, Kathmandu, Chartered Accountants

Firm No. : 734 | Kathmandu, Nepal, E-mail : hpahadi@gmail.com | PAN 104083905

**३. वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमले त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जूमा गर्ने कार्य, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थाको व्यवस्थापनमा रहेको छ ।

